पटेर्वा सुगौली गाउँपालिका

स्थानीय राजपत्र

खण्डः १ संख्याः ४ मितिः २०७९/१०/०६


भाग–१

## पटेर्वा सुगौली गाउँपालिका

# पटेर्वा सुगौली गाउँपालिका शिक्षा ऐन २०७९

गाउँ सभाबाट स्वीकृत मितिः- २०७९।०९।२९

प्रमानिकरण मितिः- २०७९।०९।२९

**प्रस्तावनाः**

नेपालको संविधानको धारा ३१ र अनुसूचि ८ तथा स्थानीय सरकार सञ्चालन ऐन २०७४ को परिच्छेद ३ को दफा ११.२. ज अनुसारका कार्यहरुद्धारा पटेर्वा सुगौली गाउँपालिका र समग्र देशको विकासका लागि लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था अनुकूल शिक्षाको गुणस्तरीयता वृद्धी र सवै वर्ग तथा समुदायको पहुँच कायम गर्न, गराउन एवं राष्ट्रको शिक्षा नीति अनुसार गाउँपालिका क्षेत्रमा स्थापना भएका र स्थापना हुने विद्यालयको व्यवस्थापकीय सुधार गरी समयानुकूल सीप र प्रविधि सहितको शैक्षिक विकास गर्नको लागि तयार गरिएको ऐन पारित गरी लागु गर्न वाञ्छनीय भएकाले नेपालको संविधानको धारा २२३ अनुसार गठित पटेर्वा सुगौली गाउँपालिकाको गाउँ सभाले संविधानको धारा २२६ को (१) तथा स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ (१) वमोजिम पटेर्वा सुगौली गाउँपालिका शिक्षा ऐन, २०७९ पारित गरी जारी गरिएको छ।

## परिच्छेद –१

## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ**

(१) यस ऐनको नाम "पटेर्वा सुगौली गाउँपालिका शिक्षा ऐन २०७९" रहेको छ ।

(२) यो ऐन पटेर्वा सुगौली गाउँपालिका भर लागु हुनेछ ।

(३) यो ऐन गाउँ सभाबाट पारित भई पटेर्वा सुगौली गाउँपालिकाको स्थानीय राजपत्रमा प्रकाशन भएर लागु हुनेछ।

**२. परिभाषाः**

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा

(१) "गाउँपालिका" भन्नाले पटेर्वा सुगौली गाउँपालिका सम्झनुपर्छ ।

(२) "अध्यक्ष" भन्नाले यस पटेर्वा सुगौली गाउँपालिकाकाको गाउँपालिका अध्यक्ष सम्झनुपर्छ ।

(३) "उपाध्यक्ष" भन्नाले पटेर्वा सुगौली गाउँपालिकाको गाउँपालिका उपाध्यक्ष सम्झनुपर्छ ।

(४) "कार्यपालिका" भन्नाले पटेर्वा सुगौली गाउँपालिकाको कार्यपालिका सम्झनुपर्छ ।

(५) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले पटेर्वा सुगौली गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतको रुपमा काम गर्ने कर्मचारी प्रमुख सम्झनुपर्छ। यसले कार्यपालिका र गाउँ सभाको सदस्य सचिवलाई समेत जनाउछ।

(६) "कार्यालय" भन्नाले पटेर्वा सुगौली गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय सम्झनुपर्छ।

(७) "कार्यपालिका सदस्य" भन्नाले पटेर्वा सुगौली गाउँपालिकाको कार्यपालिका सदस्य सम्झनुपर्छ ।
सो शब्दले गाउँपालिका अध्यक्ष, उपाध्यक्ष र वडा अध्यक्ष समेतलाई जनाउछ ।

(८) "गाउँ सभा" भन्नाले पटेर्वा सुगौली गाउँपालिकाको गाउँ सभा सम्झनुपर्छ ।

(९) "गाउँ सभा सदस्य" भन्नाले पटेर्वा सुगौली गाउँपालिका गाउँ सभा सदस्य सम्झनुपर्छ। सो शब्दले गाउँपालिका अध्यक्ष, उपाध्यक्ष र वडा अध्यक्ष कार्यपालिका सदस्य समेतलाई जनाउछ ।

(१०) "मन्त्रालय" भन्नाले शिक्षा हेर्ने मन्त्रालय वा सो कामको लागि तोकिएको संघ र प्रदेशको मन्त्रालयलाई सम्झनुपर्छ ।

(११) "बिषयगत शाखा" भन्नाले पटेर्वा सुगौली गाउँपालिका अन्तरगतको बिषयगत शाखा, उपशाखा, कार्यालय वा इकाईलाई सम्झनुपर्छ ।

(१२) "वडा सचिव" भन्नाले पटेर्वा सुगौली गाउँपालिकाको वडा कार्यालयको प्रशासकीय प्रमुखको
रुपमा कामकाज गर्न तोकिएको वडा सचिव/कर्मचारी सम्झनुपर्छ ।

(१३) "वडा समिति" भन्नाले पटेर्वा सुगौली गाउँपालिकाको वडा समितिहरु सम्झनुपर्छ ।

(१४) "ऐन" भन्नाले पटेर्वा सुगौली गाउँपालिकाको शिक्षा ऐन २०७९ लाई सम्झनुपर्छ। सो शब्दले संघ तथा प्रदेशले पारित गरेका शिक्षा सम्बन्धी ऐन कानुन समेतलाई जनाउछ।

(१५) "विद्यालय शिक्षा" भन्नाले आधारभूत र माध्यमिक दुबै शिक्षालाई वुझाउछ ।

(१६) "माध्यमिक शिक्षा" भन्नाले कक्षा नौ देखि बाह्रसम्म दिइने शिक्षालाई वुझाउछ ।

(१७) "आधारभूत शिक्षा" भन्नाले प्रारम्भिक बाल शिक्षादेखि कक्षा आठसम्म दिइने शिक्षालाई वुझाउछ ।

(१८) "विशेष शिक्षा" भन्नाले दृष्टिविहीन, बहिरा, अटिज्म, बौद्धिक अपाङ्गता, सुस्त श्रवण वा अति अशक्त शारीरिक अपाङ्गता भएका बालबालिकालाई छुट्टै समूहमा राखी दिइने शिक्षालाई वुझाउछ ।

(१९) "प्राविधिक तथा व्यवशायिक शिक्षा" भन्नाले प्राविधिक ज्ञान, सीप, दक्षता तथा बिषयवस्तुको सिकाइ गरी प्रविधि र व्यवशायको शिक्षा प्रदान गर्न कक्षा नौ देखि कक्षा बाह्रसम्म अध्यापन गराइने शिक्षालाई बुझाउछ साथै SEE/SLC पछि विभिन्न संकायका दुई बर्षे तथा तीन बर्षे प्राविधिक शिक्षालाई जनाउदछ। यसले ननएकेडेमिक जस्तै सीप, दक्षता र सिकाइ प्रदान गर्ने शिक्षालाई समेत जनाउछ ।

(२०) "सामुदायिक विद्यालय" भन्नाले समुदायको पहलमा स्थापना गरिएको नाफा रहित नेपाल सरकारबाट नियमित रूपमा अनुदान पाउने गरी अनुमति वा स्वीकृति प्राप्त भई सञ्चालनमा रहेका र यस ऐन जारी भएपछि पटेर्वा सुगौली गाउँपालिकाबाट अनुमति/स्वीकृति प्राप्त सामुदायिक विद्यालयलाई वुझाउछ ।

(२१) "संस्थागत विद्यालय" भन्नाले व्यक्ति/संस्था वा समुदायको पहलमा स्थापना गरिएका नेपाल सरकारबाट नियमित रूपमा अनुदान नपाउने गरी अनुमति वा स्वीकृति प्राप्त भई सञ्चालनमा रहेका विद्यालय र यस ऐन जारी भएपछि पटेर्वा सुगौली गाउँपालिकाबाट अनुमति वा स्वीकृति प्राप्त निजि तथा सार्वजनिक स्वमित्व प्राप्त विद्यालयलाई वुझाउछ ।

(२२) "प्राविधिक शिक्षालय" भन्नाले व्यक्ती, सस्था, निकाय, समुदायको पहलमा वा पटेर्वा सुगौली गाउँपालिकाले स्थापना गरेको नाफा रहित वा व्याबशायिक रुपमा सञ्चालन अनुमति वा स्वीकृति प्राप्त भई सञ्चालनमा रहेका र यस ऐन जारी भएपछि पटेर्वा सुगौली गाउँपालिकाबाट अनुमति वा स्वीकृती प्राप्त प्राविधिक तथा व्यवसायिक शिक्षा दिन स्थापित शिक्षालय /विद्यालयलाई वुझाउछ ।

(२३) "आवासीय विद्यालय" भन्नाले नेपाल सरकार वा गाउँपालिकाले आवासीय विद्यालयको रूपमा स्वीकृति प्रदान गरिएको विद्यालयलाई वुझाउछ ।

(२४) "शैक्षिक गुठी" भन्नाले विद्यालय सञ्चालन गर्नको लागि कुनै व्यक्ति वा समुदायले नाफा आर्जन नगर्ने उद्धेश्यले स्थापना गरेको सार्वजनिक वा निजी गुठी बुझ्नु पर्नेछ ।

(२५) "सहकारी विद्यालय" भन्नाले कुनै सहकारीले सहकारीताको माध्यमबाट विद्यालय सञ्चालन गर्ने उद्धेश्यले स्थापना गरेको संस्थागत विद्यालयलाई वुझाउछ ।

(२६) "धार्मिक विद्यालय" भन्नाले परम्परागत रुपमा चलिआएका गोन्पा, गुरुकुल, आश्रम, सांस्कृत, सांग्रितिक, मदरसा जस्ता धार्मिक विद्यालयहरुलाई जनाउँदछ ।

(२७) "व्यवस्थापन समिति" भन्नाले परिच्छद –५ बमोजिमको विद्यालय व्यवस्थापन समिति सम्झनुपर्छ ।

(२८) "प्रधानाध्यापक" भन्नाले दफा ५३ बमोजिम नियुक्त विद्यालयको प्रधानाध्यापक सम्झनुपर्छ ।

(२९) पुर्व प्राथमिक शिक्षा भन्नाले ४ बर्ष उमेर पुगेका वालवालिकालाई एक वर्ष दिइने शिक्षालाई वुझाउछ।

(३०) "प्रारम्भिक बालविकास शिक्षा" भन्नाले ४ बर्ष उमेर पुरा गरेका बालबालिकाहरूलाई मनोरञ्जनात्मक विधिबाट शारीरिक, मानसिक, सामाजिक, संवेगात्मक विकासका लागि सामुदायिक र संस्थागत रुपमा दिइने मण्टेसरी शिक्षा प्रारम्भिक बाल विकास शिक्षालाई वुझाउछ ।

(३१) "पाठ्यक्रम विकास केन्द्र" भन्नाले गाउँपालिकाले गठन गरेको पाठ्यक्रम विकास केन्द्र सम्झनुपर्छ। सो शब्दले संघीय तथा प्रदेश ऐन वमोजिम पाठ्यक्रम निर्माणको लागि जिम्मेवार निकायलाई सम्झनुपर्छ ।

(३२) "शिक्षा अधिकारी" भन्नाले गाउँपालिका भित्रको शिक्षालाई व्यवस्थित सञ्चालन, व्यवस्थापन, नियमन, निर्देशन, अनुगमन र मूल्याङ्कन गर्ने तथा ऐन बमोजिम तोकिएका कार्य गर्न गाउँपालिका शिक्षा प्रशासन माहाशाखा प्रमखु वा प्रमखु को कामकाज गर्न तोकिएका अधिकृत कर्मचारीलाई सम्झनुपर्छ ।

(३३) "शिक्षा विभाग" भन्नाले गाउँपालिकाको शिक्षा प्रशासन माहाशाखालाई सम्झनुपर्छ ।

(३४) "निरीक्षक" भन्नाले विद्यालय निरीक्षण गर्न तोकिएको अधिकृत/कर्मचारीलाई सम्झनुपर्छ ।

(३५) "स्रोतकेन्द्र" भन्नाले गाउँपालिका भित्र रहेका विद्यालयहरुको समूह बनाई पायक पर्ने स्थानमा कार्यालय रहने गरी गाउँपालिकाको क्षेत्र भित्रका विद्यायलहरुको शैक्षिक ग तिविविधिहरु सञ्चालन हुने केन्द्रलाई वुझाउछ ।

(३६) "स्रोतव्यक्ति" भन्नाले स्रोत केन्द्रको प्रमुख पदमा नियुक्त वा जिम्मेवारी प्राप्त भएका व्यक्तिलाई वुझाउछ।

(३७) "आधारभूत शिक्षा परीक्षा" भन्नाले आधारभूत तह कक्षा ८ का अन्त्यमा हुने परीक्षा सम्झनुपर्छ ।

(३८) "अभिभावक" अभिभावक भन्नाले विद्यालयमा अध्यनरत विद्यार्थिको अभिभावक भनि विद्यालयको अभिलेखमा जनिएको व्यक्ति सम्झनुपर्छ। सो शव्दले यस प्रयोजनका लागि विद्यार्थीको बाबु, आमा, बाजे, वजै र त्यस्ता अभिभावक नभएका विद्यार्थीको हकमा त्यस्ता विद्यार्थीलाई संरक्षकत्व प्रदान गर्ने अभिलेखमा जनिएको व्यक्ति समेतलाई जनाउछ ।

(३९) "शिक्षक" शिक्षक भन्नाले विद्यालयमा पठन पाठन गराउने कार्यरत शिक्षक सम्झनुपर्छ। सो शब्दले प्रधानाध्यापक तथा विद्यालय व्यवस्थापन समितिले वा गाउँपालिकाले अन्य ब्यवस्थाबाट ब्यवस्था भएका स्वयमसेवक शिक्षक समेतलाई जनाउछ ।

(४०) "कर्मचारी" भन्नाले विद्यालयमा कार्यरत शिक्षक बाहेकका अन्य कर्मचारी वुझाउछ ।

(४१) "शैक्षिक सत्र" भन्नाले विद्यालयमा अध्ययन अध्यापन गराइने वार्षिक अवधी सम्झनुपर्छ ।

(४२) "अनुमति" भन्नाले स्थायी स्वीकृति प्रदान गरी नसकेको तर कुनै तोकिएको ठाउँमा विद्यालय खोल्न वा कक्षा थप गर्न दिइएको अस्थायी स्वीकृतिलाई जनाउनेछ ।

(४३) "स्वीकृति" भन्नाले तोकिए बमोजिमको सर्त पुरा गरेको विद्यालयलाई दिइएको स्थायी स्वीकृतिलाई जनाउँछ ।

(४४) "आयोग" भन्नाले शिक्षक सेवा आयोगलाई सम्झनुपर्छ ।

(४५) "स्थायी आवासीय अनुमति" भन्नाले विदेशी मुलुकले कुनै शर्त तोकी वा सो मुलुकमा स्थायी रुपमा बसोबास गर्न पाउने गरी नेपाली नागरिकलाई उपलब्ध गराएको डाइभर्सिटी इमिग्रेन्ट भिसा (डि.भी.) , परमानेन्ट रेजिडेन्ट भिसा (पी.आर.) वा ग्रीन कार्ड सम्झनुपर्छ र सो शब्दले नेपाली नागरिकलाई विदेशमा स्थायी रुपमा बसोबास गर्न दिइएको जुनसुकै नामको स्थायी आवासीय अनुमति समेतलाई जनाउँछ ।

(४६) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन र अन्तर्गत बनेका नियमावली तथा कार्यविधिमा तोकिएको वा तोकिए बमोजिम भन्ने सम्झनुपर्छ। सो शव्दले प्रचलित ऐन नियममा उल्लेखित तोकिएको वा तोकिए बमोजिम भन्ने समेतलाई जनाउछ ।

## परिच्छेद –२

### विद्यालय खोल्ने अनुमति वा स्वीकृति गाभ्ने र खारेजी सम्वन्धी व्यवस्था

**३. विद्यालय खोल्न अनुमति लिनु पर्नेः**

(१) नेपाली नागरिक तथा नेपाली संघ, सस्था, निकाय र समुदायले सामुदायिक विद्यालय वा संस्थागत विद्यालय खोल्न चाहेमा तोकिएको विवरण खुलाई तोकिएको प्रकृया पुरा गरी अनुमतिका लागि निवेदन दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम निवेदन परेमा सो निवेदन उपर गाउँ पालिका शिक्षा अधिकारीले आवश्यक जाँचवुझ गर्ने र जाँचबुझ गर्दा विद्यालय खोल्न अनुमति दिन मनासिव देखिएमा तोकिएको सर्त तथा बन्देज पालना गर्ने गरी गाउँ शिक्षा समितिको सिफारीसमा अनुमति दिइनेछ ।

(३) उपदफा (२) बमोजिम अनुमति लिई खोलिएको विद्यालयले तोकिएका सर्त बन्देज पालन गरेको देखिएमा गाउँपालिका शिक्षा समितिको सिफारिशमा स्वीकृति प्रदान गरिनेछ ।

(४) यो ऐन प्रारम्भ हुँदाका वखत कम्पनिको रूपमा सञ्चालन गरेका विद्यालयहरूले चाहेमा कम्पनि खारेज गरी शैक्षिक गुठी अन्तर्गत विद्यालय सञ्चालन गर्न तोकिएको अधिकारी समक्ष निवेदन दिन सक्नेछन् ।

(५) सामुदायिक (समुदायको पहल र सामुदायिक स्वमित्व हुने) र गाउँपालिकाको स्वमित्वमा रहने विद्यालय वा शिक्षालय वाहेकका अन्य कुनै पनि विद्यालय वा शिक्षालय सरकारी वा सार्वजनिक जग्गा भवनमा सञ्चालन गर्न पालिकाको सहमति विना अनुमति दिइने छैन।

(६) यस ऐन वा प्रचलित कानूनका अन्य दफाहरुमा जुनसुकै कुरा लेखिएको भएतापनि शैक्षिक गुठी अन्तर्गत विद्यालय सञ्चालन गर्दा देहाय बमोजिम गर्नु पर्नेछ ।

(क) शैक्षिक गुठी सञ्चालन गर्ने गुठी सञ्चालक सङ्गठित संस्थाको रूपमा हुनु पर्नेछ ।

(ख) शैक्षिक गुठी सञ्चालन गर्दा ट्रष्टमा सार्वजनिक गुठी भए कम्तीमा ७ (सात) जना र निजी गुठी भए कम्तीमा ५ (पाँच) जना सदस्य हुनु पर्नेछ ।

(ग) शैक्षिक गुठीको आयव्ययको लेखा तोकिए बमोजिम खडा गरी मान्यता प्राप्त लेखापरीक्षकबाट लेखापरीक्षण गराउनु पर्नेछ।

(घ) शैक्षिक गुठीको तत्काल कायम रहेका ट्रष्टले आफ्नो जीवनकालमै वा शेषपछि गुठीयारको रूपमा कार्य गर्ने आफ्नो उत्तराधिकारी तोक्न सक्नेछन। तर सार्वजनिक शैक्षिक गुठीको हकमा त्यस्तो उत्तराधिकारी तोक्दा गाउँपालिका शिक्षा समितिको स्वीकृति लिनु पर्नेछ ।

(७) सामाजिक, परोपकारी वा कल्याणकारी संस्थाले मुनाफा नलिने उद्धेश्यबाट विद्यालय सञ्चालन गर्न चाहेमा तोकिएको प्रकृयाबाट स्वीकृति लिई सार्वजनिक शैक्षिक गुठी अन्तर्गत विद्यालय सञ्चालन गर्नसक्नेछ ।

(८) उपदफा (७) बमोजिम सञ्चालित विद्यायलयले पालन गर्नु पर्ने सर्त तथा अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

(९) माथि उल्लेखित उपदफाहरुमा जुनसुकै कुरा लेखिएको भएतापनि कुनै विदेशी शिक्षण संस्थासँग सम्बन्धन कायम गर्ने गरी कसैलाई पनि विद्यालय खोल्न अनुमति वा स्वीकृति दिइने छैन , तर नेपाल सरकारसँग सम्झौता भएको अवस्थामा त्यस्ता विद्यालयहरुलाई अनुमति दिन सकिनेछ ।

(१०) उपदफा (७) र (९) मा उल्लेख भए बमोजिम स्थापित शैक्षिक गुठी अन्तर्गतका विद्यालयलाई तोकिए बमोजिमको आवश्यक प्रक्रिया पुरा गरी सामुदायिकीकरण गर्न सकिनेछ ।

(११) यस ऐन जारी हुनु पुर्व प्रचलित कानून वमोजिम अनुमती /स्विकृती प्राप्त गरी संञ्चालनमा रहेका हाल पटेर्वा सुगौली गाउँ पालिकाको क्षेत्राधिकार भित्र पर्ने विद्यालय /शिक्षालय यसै ऐन अनुसार स्थापना भएको मानिनेछ ।

(१२) यस ऐन जारी हुनु पुर्व अनुमती वा स्विकृती प्राप्त गरी संञ्चालनमा रहेका सस्थागत विद्यालय वा शिक्षालयहरुले यो ऐन जारी भएको मितीले १ (एक) वर्ष भित्र दर्ता नियमित गर्न /गराउन तोकिएको ढाँचामा संम्पुर्ण विवरण सहितको निवेदन गाउँपालिकामा पेश गरी अनुमती/स्विकृती नियमित गर्नुपर्नेछ ।

(१३) विद्यालय सञ्चालन सम्वन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

४. <u>विद्यालयको प्रकार</u>ः

विद्यालय दुई प्रकारका हुनेछन् ।

**(१) <u>सामुदायिक विद्यालय</u>ः**

**(क) साधारणः**

साविकमा संघीय सरकार वा गाउँपालिकाबाट शिक्षक कर्मचारीको दरबन्दी उपलब्ध भएको र शिक्षक व्यवस्थापन तोकिए बमोजिम विद्यालय व्यवस्थापन समिति र गाउँपालिकाबाट संयुक्त रुपमा व्यवस्थापन हुने विद्यालय, प्राविधिक विद्यालय समेत ।

**(ख) स्वायत्तः**

साविकमा संघीय सरकार वा गाउँपालिकाबाट शिक्षक कर्मचारीको दरबन्दी उपलब्ध भएका र शिक्षक व्यवस्थापन विद्यालय व्यवस्थापन समितिबाट हुने विद्यालय ।

**(ग) एकमुस्ट अनुदानमा आधारितः**

गाउँपालिकाबाट शिक्षक कर्मचारीको दरबन्दी उपलब्ध नभएका र नहुने तर विद्यार्थी संख्याको आधारमा गाउँपालिकाबाट एकमुस्ट अनुदान पाउने गरी संचालन हुने विद्यालय ।

**(२) संस्थागत विद्यालय**

(क) कम्पनी ऐन अन्तर्गत सञ्चालित विद्यालय

(ख) शैक्षिक गुठी अन्तर्गत सञ्चालित विद्यालय

(ग) सहकारीबाट सञ्चालित विद्यालय

**५. विद्यालय एकमुस्ट अनुदानको आधारमा सञ्चालन गर्न सकिनेः**

(१) संघीय सरकार वा गाउँपालिकाबाट शिक्षक कर्मचारीको दरवन्दी प्राप्त नगरेका र भविष्यमा समेत सो प्राप्त नगरी विद्यालय सञ्चालन गर्न राजी भएका विद्यालय व्यवस्थापन समितिले विद्यालय एकमुस्ट अनुदानको आधारमा सञ्चालन गर्नको लागि तोकिएका कुराहरू खुलाई तोकिएको अधिकारी समक्ष निवेदन दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम परेको निवेदन जाँचबुझ गर्दा व्यवस्थापन समितिले तोकिएको शर्त पूरा गरेको देखिएमा तोकिएको अधिकारीले निवेदकलाई त्यस्तो विद्यालय एकमुस्ट अनुदानको आधारमा सञ्चालन गर्न स्वीकृत दिन सक्नेछ ।

(३) उपदफा (२) बमोजिम एकमुस्ट अनुदानको आधारमा सञ्चालन स्वीकृत विद्यालयमा कार्यरत शिक्षक , कर्मचारीको सेवा, शर्त र सुविधा प्रचलित कानून बिपरित नहुने गरी विद्यालय व्यवस्थापन समितिले तोके बमोजिम हुनेछ। यस प्रकारका विद्यालयका शिक्षकलाई व्यवस्थापन समितिले तोके अनुसारको सञ्चय कोष र निवृतिभरण वापतको रकम समेत विद्यालयल कोषमा जम्मा गर्नु पर्नेछ ।

**६. घुम्ति विद्यालय सञ्चालन गर्न सक्नेः**

(१) गाउँपालिकाले वा गाउँपालिकाको स्विकृती वा समन्वय, सहयोगमा सम्वन्धितले गाउँपालिका क्षेत्र भित्र घुम्ति विद्यालयहरु सञ्चालन गर्न सक्नेछ ।

(२) घुम्ति विद्यालयहरु स्विकृती, सञ्चालन संम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**७. गाउँपालिकाले विद्यालय गाभ्न,सार्न, नाम परिवर्तन गर्न वा बन्द गर्न सक्नेः**

(१) गाउँपालिकाले हाल सञ्चालनमा रहेका सामुदायिक विद्यालयहरूलाई दुरी , विद्यार्थी सङ्ख्या , तह, गुणस्तरीयता, सञ्चालन क्षमताको आधारमा गाभ्न , एक ठाउँबाट अर्को ठाउँमा सार्न वा भइरहेको स्थानमा आवश्यक नभएको पर्याप्त आधार भएमा बन्द गर्न वा आवश्यक क्षेत्रमा खोल्न वा कक्षा थप वा घटाउने गरी सञ्चालन गर्न अनुमति वा स्वीकृति दिन वा नाम परिवर्तन गर्न उपयुक्त कारण देखिएमा सम्बन्धित वडा कार्यालयको राय सुझावमा शिक्षा समितिको सिफारिसमा गाउँ कार्यपालिकाले गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम गाभिएका वा बन्द गरिएका विद्यालयको सम्पत्तिको व्यवस्थापन संघीय तथा प्रदेश कानुन विपरित नहुनेगरी गाउँपालिकाको निर्णय बमोजिम हुनेछ ।

८. <u>अनुमति वा स्वीकृति रद्ध गर्ने</u>ः

कुनै संस्थागत विद्यालयले यस ऐन तथा अन्तर्गत बनेको नियम विपरीत अन्य कुनै काम गरेमा गाउँपालिकाले त्यस्तो विद्यालयलाई प्रदान गरेको अनुमति वा स्वीकृति रद्ध गर्न सक्नेछ। तर त्यसरी अनुमति वा स्वीकृति रद्ध गर्नु अघि सम्बन्धित विद्यालयलाई आफ्नो सफाई पेश गर्ने मौका दिइनेछ ।

९. **<u>शैक्षिक परामर्श सेवा, विदेशी शैक्षिक कार्यक्रम वा शिक्षण कोर्ष सञ्चालन गर्ने</u>**ः

(१) कसैले पनि यस ऐन बमोजिम गाउँपालिकाबाट अनुमति नलिई शैक्षिक परामर्श सेवा , बृजकोर्ष, कोचिङ्ग, टयुसन सेन्टर, भाषा शिक्षण कक्षा, होस्टल वा पूर्वतयारी कक्षा वा विदेशी मुलुकमा सञ्चालित कुनै शैक्षिक कार्यक्रम सञ्चालन गर्न पाउने छैन ।

(२) उपदफा (१) बमोजिम शैक्षिक कार्यक्रम, शैक्षिक परामर्श सेवा, ब्रिजकोर्ष, कोचिङ्ग, टयुसन सेन्टर, भाषा शिक्षण कक्षा, होस्टल वा पूर्वतयारी कक्षा वा विदेशी मुलुकमा सञ्चालित कुनै शैक्षिक कार्यक्रम सञ्चालन गर्न अनुमति लिने सम्वन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

१०. **<u>विशेष शिक्षा, समावेशी शिक्षा, अनौपचारिक शिक्षा, निरन्तर शिक्षा, ननएकेडेमिक शिक्षा, दूरशिक्षा तथा खुल्ला शिक्षा सञ्चालन सम्बन्धी व्यवस्था</u>**ः

(१) गाउँपालिकाले आवश्यक पूर्वाधारको व्यवस्था गरी कुनै सामुदायिक विद्यालयमा विशेष शिक्षा , समावेशी शिक्षा, अनौपचारिक शिक्षा, निरन्तर शिक्षा, दूर शिक्षा तथा खुला शिक्षा सञ्चालनको व्यवस्था गर्न सक्नेछ ।

(२) कुनै विद्यालयले विशेष शिक्षा , समावेशी शिक्षा, अनौपचारिक शिक्षा, निरन्तर शिक्षा, दूर शिक्षा वा खुला शिक्षा सञ्चालन गर्न चाहेमा गाउँपालिकाले सो सम्बन्धमा आवश्यक जाँचबुझ गरी सो विद्यालयलाई त्यस्तो शिक्षा सञ्चालन गर्न तोकिए बमोजिम स्वीकृति दिन सक्नेछ ।

(३) दूर शिक्षा, विशेष शिक्षा र समावेशी शिक्षाको सञ्चालन साधारण शिक्षा सरह हुन्छ ।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भएतापनि दृष्टिविहीन , न्यून दृष्टियुक्त, पूर्ण दृष्टिविहीन, बहिरा, सुस्त श्रवण, अटिज्म, बौद्धिक अपाङ्गता तथा श्रवण दृष्टि विहीन भएका बालबालिकाको लागि पाठयक्रम , पाठय् पुस्तक, शिक्षण सिकाइ र मूल्याङ्कन प्रणालीमा फरक व्यवस्था गर्न सकिनेछ।

११. **<u>प्रारम्भिक बालविकास केन्द्र सम्वन्धी व्यवस्था</u>**ः

(१) गाउँपालिकाको स्विकृतीमा सामुदायिक तथा संस्थागत प्रारम्भिक बालविकास केन्द्र तथा प्रारम्भिक बालविकास सिकाई केन्दको सञ्चालन गर्न सकिनेछ ।

(२) सामुदायिक तथा संस्थागत प्रारम्भिक बालविकास केन्द्र र प्रारम्भिक बालविकास सिकाई केन्द्रको सञ्चालन स्विकृतीको लागि तोकिए बमोजिमको मापदण्ड पुरा भएको हुनु पर्नेछ ।

(३) सामुदायिक तथा संस्थागत प्रारम्भिक बालविकास केन्द्र तथा प्रारम्भिक बालविकास सिकाई केन्दको सञ्चालन गर्न स्विकृती, अनुमतीको लागि गाउँ सभाले तोके वमोजिमको शुल्क दस्तुर लाग्नेछ ।

(४) प्रारम्भिक बालविकास केन्द्रको तथा प्रारम्भिक बालविकास सिकाई केन्दको सञ्चालन तथा व्यवस्थापन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

**१२. माथिल्लो बालबिकास कक्षा (UKG) सम्बन्धमाः**

(१) गाउँपालिकाले तोकिएको विद्यालयमा प्रारम्भिक बालबिकास केन्द्र र कक्षा १ को बीचमा गाउँपालिकाले तोकेको पाठ्यक्रम अनुसार माथिल्लो बालबिकास कक्षा थप गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम चाहिने शिक्षक सम्बन्धित गाउँपालिकाले वा विद्यालयले व्यवस्था गर्न सक्नेछ।

**१३. सामुदायिक सिकाई केन्द्र सञ्चालन गर्न सक्नेः**

(१) गाउँपालिकाले समुदायमा साक्षरता, सीप विकास, प्रविधिको ज्ञान शिप दक्षता र निरन्तर शिक्षा सिकाई समेतको काम गर्न तोकिए बमोजिम सामुदायिक सिकाइ केन्द्र सञ्चालन गर्न/गराउन सक्नेछ ।

(२) यस अघि गठन भई सञ्चालनमा रहेका सामुदायिक सिकाइ केन्द्रहरु यसै ऐन वमोजिम गठन भएको मानिनेछ ।

(३) उपदफा (२) वमोजिमका सामुदायिक सिकाइ केन्द्रहरुले यस ऐन जारि भएको १(एक) वर्ष भित्र दर्ता नियमितका लागि कार्यपालिका समक्ष निवेदन दिनुपर्नेछ ।

(४) उपदफा (३) वमोजिम तथा नया सामुदायिक सिकाई केन्द्र दर्ता गर्न पेश भएका निवेदन उपर आवश्यक कारवाही गरी गाउँ शिक्षा समितिको निर्णयमा शिक्षा अधिकारीले दर्ता नियमित तथा दर्ता गरी प्रमाणपत्र जारी गर्नेछ ।

## परिच्छेद –३

## शिक्षाको प्रकार, माध्यम, पाठ्यक्रम र परीक्षा सञ्चालन सम्वन्धी व्यवस्था

**१४. विद्यालय शिक्षाको वर्गीकरणः**

गाउँपालिकाको अन्तर्गतका विद्यालयहरूलाई माध्यमिक शिक्षा , आधारभूत शिक्षा गरी २ (दुई) प्रकारमा वर्गीकरण गरिनेछ ।

**१५. <u>माध्यमिक शिक्षाको प्रकार</u>ः**

**माध्यमिक शिक्षा देहायका प्रकारका हुनेछनः**

(१) साधारण माध्यमिक शिक्षा

(२) संस्कृत माध्यमिक शिक्षा

(३) प्राविधिक तथा व्यवसायिक माध्यमिक शिक्षा

(४) धार्मिक शिक्षा

**१६. <u>शिक्षाको माध्यमः</u>**

(१) विद्यालयमा शिक्षाको माध्यम नेपाली, अंग्रेजी वा दुवै भाषा हुनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि देहायको अवस्थामा विद्यालयमा शिक्षाको मा ध्यम देहाय बमोजिम हुन सक्नेछः

(क) प्राथमिक वा आधारभुत शिक्षा मातृभाषामा दिन सकिनेछ ।

(ख) गैह्र नेपाली नागरिकले नेपालको विद्यालयमा अ ध्ययन गर्दा अनिवार्य नेपाली विषयको र अन्य कुनै भाषाको विषयमा अध्ययन गर्न सक्नेछ ।

(ग) भाषा विषयमा अध्ययन गराउँदा शिक्षाको माध्यम सोही भाषा हुनेछ ।

**१७. <u>विद्यालयको पाठ्यक्रम तथा पाठ्यपुस्तकः</u>**

(१) विद्यालयमा नेपाल सरकारले तोकेको न्यूनतम मापदण्ड पुरा गरी आवश्यक सिकाइ उपलब्धि हासिल हुने गरी अध्ययन अध्यापन गराउनु पर्नेछ ।

(२) विद्यालयमा नेपाल सरकारले तोकेको मापदण्ड भित्र रही स्थानीय पाठ्यक्रम र पाठ्यपुस्तक लागु गर्न सकिनेछ। सो प्रयोजनका लागि गाउँपालिकाले स्थानीय पाठयक्रम विकास समिति गठन गरी पाठ्यक्रम विकास गर्न सक्नेछ ।

(३) कुनैपनि विद्यालयले नेपाल सरकारले तोकेको पाठ्यक्रमका अतिरिक्त गाउँपालिका शिक्षा समितिको पुर्व स्विकृती लिई थप पाठ्यक्रम तथा पाठयपुस्तक समावेश गरी पठन पाठन गराउन सक्नेछ ।

(४) पाठ्यक्रम विकास केन्द्रले तोकेमा वा गाउँपालिकाले अन्यथा व्यवस्था गरेकोमा वाहेक गाउँपालिका भित्रका विद्यालयहरुले कुनैपनि वहानामा ५ (पाँच) वर्ष सम्म तोकिएका पाठ्यपुस्तकमा परिवर्तन गर्न गराउन पाउने छैन ।

(५) पाठ्यपुस्तक परिवर्तन गर्न परेमा आवधिक समिक्षा गरी कारण सहित शिक्षा समितिको पुर्व स्विकृती लिनु पर्नेछ ।

(६) गाउँपालिकाले सामुदायिक विद्यालयमा गुणस्तर र भाषा शिक्षामा सुधार ल्याउन गरिने प्रयासको हकमा उपदफा (४) ले रोकेको मानिने छैन ।

१८. <u>परीक्षा सञ्चालनः</u>

(१) परीक्षा सञ्चालन, अनुगमन, नियमन, नतिजा प्रकाशन तथा अभिलेख व्यवस्थापन तोकिए बमोजिम हुनेछ ।

(२) आधारभूत तह (कक्षा ८) को अन्तिम परीक्षा गाउँपालिकाले सञ्चालन गर्न सक्नेछ ।

(३) प्रत्येक कक्षाको अन्तिम परिक्षा एवं नतिजा प्रकाशन सम्वन्धमा प्रचलित नियमका अतिरिक्त गुणस्तर सुधारका लागि गाउँपालिकाले विशेष व्यवस्था मिलाउन सक्नेछ।

## परिच्छेद –४

## <u>शिक्षा समिति, अनुगमन समिति शिक्षक छनौट समिति र शिक्षा अधिकारी सम्वन्धी व्यवस्था</u>

१९. <u>गाउँ शिक्षा समितिः</u>

(१) पटेर्वा सुगौली गाउँपालिका क्षेत्रभित्र सञ्चालन हुने सम्पूर्ण विद्यालयहरु , शिक्षा कार्यक्रम एवं शैक्षिक गतिविधिहरुको नीतिगत व्यवस्था , रेखदेख, समन्वय, नियमन तथा व्यवस्थापन गर्ने कामका लागि देहाय बमोजिमको पटेर्वा सुगौली गाउँपालिका शिक्षा समिति रहनेछः

(क) गाउँपालिका अध्यक्ष –संयोजक

(ख) गाउँपालिका सामाजिक विकाश समितिको संयोजक —सदस्य

(ग) प्रमुख प्रशासकीय अधिकृत –सदस्य

(घ) कार्यपालिका सदस्य कम्तीमा १ महिला र १ जना दलित वा अल्पसंख्यात्मक सहित २ जना –सदस्य

(ङ) सामुदायिक विद्यालयको प्रधानाध्यापक वा शिक्षक मध्येबाट प्रत्येक वर्ष परिवर्तन हुने गरी कार्यपालिकाले मनोनित गरेको एक जना –सदस्य

(च) गाउँपालिका शिक्षक महासंघको अध्यक्ष वा प्रतिनिधि –सदस्य

(छ) गाउँपालिका क्षेत्रमा महत्वपूर्ण योगदान गर्ने शिक्षा विज्ञमध्ये कार्यपालिकाले तोकेको १ (एक) जना –सदस्य

(ज) वाल क्लवहरु मध्येबाट समितिले तोकेको १ वालिका, १ वालक –सदस्य (स्थाई आमन्त्रित)

(झ) गाउँपालिकाको शिक्षा अधिकारी/शिक्षा प्रशासन महाशाखा प्रमुख/अधिकृत/शिक्षा हेर्ने कर्मचारी –सदस्य सचिव

२०. <u>गाउँ शिक्षा समितिको बैठक सम्बन्धी व्यवस्थाः</u>

(क) गाउँ शिक्षा समितिको वैठक आवश्यकता अनुसार वस्नेछ ।

(ख) गाउँ शिक्षा समितिको बैठकमा गाउँपालिकाको आर्थिक प्रशासन शाखा प्रमुख र कानूनी मामिला शाखा प्रमुख एवं सम्बन्धित क्षेत्रका विज्ञलाई आवश्यकता अनुसार आमन्त्रित सदस्यको रुपमा आमन्त्रण गर्न सकिने छ ।

(ग) गाउँ शिक्षा समितिको वैठक संयोजकको निर्देशनमा सदस्य सचिवले वोलाउनेछ ।

(घ) गाउँ शिक्षा समितिको बैठक भत्ता एवं सेवा सुविधा तोकिए बमोजिम हुनेछ ।

(ङ) वैठक सञ्चालनको लागि कम्तीमा ५० (पचास) प्रतिशत भन्दा बढी सदस्यको उपस्थिति आवश्यक पर्नेछ भने वैठकको निर्णय सकेसम्म सर्वसम्मत हुनेछ। सर्वसम्मत नभएको अवस्थामा संयोजक सहितको वहुमतको आधारमा हुनेछ ।

(च) समितिका पदेन सदस्य बाहेक मनोनित सदस्यको पदावधि तीन वर्षको हुनेछ ।

(छ) गाउँ शिक्षा समितिले पुर्णता नपाएको कारणले समितिले गर्ने निर्णय तथा तोकिए बमोजिमका कार्यहरु गर्न गराउन वाधा परेको मानिने छैन।

(ज) उपदफा (१) अन्तर्गतका मनोनित तथा अन्य सदस्यहरूले आफ्नो पदीय आचरण पालना नगरेको अवस्थामा जुनसुकै समयमा पनि हटाउन वा बर्खास्त गर्न सकिनेछ।तर त्यसरी हटाउँदा वा बर्खास्त गर्नु पहिले मनासिब माफिकको सफाइ दिने अवसर प्रदान गरिनेछ ।

**२१. <u>गाउँ शिक्षा समितिको काम कर्तव्य र अधिकारः</u>**

गाउँ शिक्षा समितिको काम, कर्तव्य र अधिकार अन्यत्र उल्लेख भएका सहित देहाय बमोजिम हुनेछ ।

(१) गाउँपालिकाको शैक्षिक योजना तयार गरी कार्यान्वयन गर्ने गराउने,

(२) गाउँपालिका क्षेत्र भित्र विद्यालय सञ्चालनका लागि अनुमति, स्वीकृति, कक्षा थपघट, विद्यालय सार्ने, गाभ्ने, बन्द गर्ने सम्बन्धी निर्णय एवं सिफारिश गर्ने,

(३) विद्यालय शिक्षाको सुधार तथा विकासका लागि बनेका नियम , कार्यविधि निर्देशिकाहरु लागू गर्ने गराउने तथा नीति निर्देशन गर्ने,

(४) गाउँपालिका क्षेत्रभित्र विशेष आवश्यकता भएका वालबालिकाको तथ्याङ्क सङ्कलन गरी उनीहरूका लागि उचित विद्यालय व्यवस्थापन गर्न आधार तयार पार्ने र सोही अनुसारको पठनपाठनको व्यवस्था मिलाउने,

(५) नेपाल सरकारको स्वीकृत नीति तथा निर्देशन अनुरूप विशेष आवश्यकता भएकाहरूको लागि शिक्षा , समावेशी शिक्षा, अनौपचारिक शिक्षा, निरन्तर शिक्षा, दूर शिक्षा तथा खुला शिक्षा कार्यक्रम सञ्चालन सम्बन्धी आवश्यक व्यवस्था गर्ने,

(६) गाउँपालिका क्षेत्रभित्र सञ्चालन हुने परीक्षाहरूलाई मर्यादित, व्यवस्थित र भयरहित बनाउने,

(७) गाउँपालिका क्षेत्रभित्र स्थापना भएका सामुदायिक विद्यालयहरूको शिक्षक दरबन्दी, सेवा, सुविधा र सर्तहरु स्वीकृत गर्ने,

(८) व्यवसायिक शिक्षा तथा सीपमूलक शिक्षाको कार्यान्वयन गर्ने गराउने तथा व्यवसायिक , सीपमूलक र प्राविधिक शिक्षाहरु विद्यालयको क्षमता तथा गाउँपालिकाको आवश्यकता एवम् परिस्थिति अनुसार तोकिएको कक्षाबाट सञ्चालन गराउने,

(९) विद्यालय व्यवस्थापन समितिलाई निर्देशन दिने, जागरुक र सचेत गराउने,

(१०) विद्यालयहरुको दिगो सञ्चालन व्यवस्थानका लागि आवश्यक आर्थिक एवं अन्य स्रोत साधन जुटाउने र परिचालन गर्ने,

(११) शैक्षिक क्यालेण्डर बनाइ लागु गर्ने गराउने ।

(१२) विद्यालयहरु सँग सम्बन्धित विषयहरुको सम्बोधन गर्ने,

(१३) शिक्षाको गुणस्तर कायम राख्न सूचक निर्धारण गर्ने र प्रगति मूल्याङ्कन गर्ने ।

(१४) विद्यालयको सामाजिक परीक्षण गर्न लगाउने ।

(१५) संस्थागत विद्यालय तथा शैक्षिक गुठीसँग गर्ने सम्झौताका सर्तहरू निर्धारण गर्ने ।

(१६) संस्थागत विद्यालयहरुको शिक्षक, कर्मचारी नियूक्ति, तथा सेवा सुविधाको मापदण्ड स्विकृत गर्ने ।

(१७) संस्थागत विद्यालयको मापदण्ड एवं सेवा गुणस्तर अनुसार शुल्क लगायत निधारण गर्ने गराउन र स्विकृती दिने ।

(१८) गुणस्तर सुधारका लागि विद्यालयहरूको सुपरीवेक्षण तथा अनुगमन गर्ने गराउने।

(१९) शैक्षिक संस्था र शिक्षासँग आवद्ध शिक्षक कर्मचारीहरूलाई कामका आधारमा आवश्यक प्रोत्साहन , नसिहत र दण्ड गर्ने गराउने ।

(२०) गाउँपालिका शिक्षा समितिले तोकिए बमोजिम विज्ञहरु रहेको योजना निर्माण कार्यदल गठन गर्नसक्नेछ ।

(२१) विद्यालयको आन्तरिक आम्दानीको स्रोतको सदुपयोग र अभिवृद्धिका लागि आवश्यक निर्देशन दिन सक्नेछ ।

(२२) गाउँपालिका भित्रका वालवालिका एवं यूवाहरुका चौतफी विकासका लागि अतिरिक्त कृयाकलापको योजना, मापदण्ड, वनाई लागु गर्ने गराउने ।

(२३) गाउँपालिका स्तरीय खेलकुद , स्काउट तथा सांस्कृतिक कार्यक्रमको सञ्चालन तथा विकासको लागि योजना निर्माण स्रोत पहिचान एव परिचालनको आवश्यक व्यवस्था मिलाउने ।

(२४) अन्य तोकिए बमोजिमका कार्यहरू गर्ने ।

(२५) विद्यालयमा विषयगत शिक्षक दरवन्दी मिलान गर्ने तथा शिक्षक/कर्मचारीहरु सरुवा व्यवस्थापन गर्ने।

(२६) दिवा खाजा व्यवस्थापन ।

(२७) विद्यालय वाहिर रहेका बालबालिकाको लागि शिक्षा सुनिश्चित गर्ने।

(२८) शिक्षा क्षेत्रको आवश्यक अन्य कार्यहरु गर्ने गराउने।

२२. <u>गाउँपालिका शिक्षा अनुगमन समितिः</u>

(१) विद्यालय शिक्षाको समग्र पक्षको अनुगमन मुल्यङ्कन गर्न देहाय बमोजिमको शिक्षा अनुगमन समिति गठन हुनेछः—

(क) गाउँपालिकाको उपाध्यक्ष —संयोजक

(ख) सम्बन्धित वडाका वडा अध्यक्ष —सदस्य

(ग) शिक्षक अभिभावक संघ अध्यक्षहरु मध्येबाट संयोजकले मनोनित गरेका १ जना —सदस्य

(घ) विद्यालय व्यवस्थापन समितिको अध्यक्षहरु मध्येबाट संयोजकले मनोनित गरेको १ जना —सदस्य

(ङ) गाउँपालिका शिक्षा अधिकारी/शिक्षा शाखा प्रमुख —सदस्य सचिव

(२) अनुगमनमा आवश्यकता अनुसार गाउँपालिकाका महाशाखा प्रमुख तथा कर्मचारी एवं विषय विज्ञलाई समितिले अनुगमनमा सहभागी गराउन सक्नेछ ।

(३) अनुगमन समितिले गरेको अनुगमनको प्रतिवेदन गाउँप शिक्षा समिति समक्ष बुझाउनु पर्नेछ ।

(४) समितिको बैठक सञ्चालन , काम, कर्तव्य र अधिकार बैठक भत्ता तथा सेवा सुविधा तोकिए बमोजिम हुनेछ ।

२३. <u>शिक्षक तथा कर्मचारी छनौट एवं सिफारीश समितिः</u>

(१) गाउँपालिकामा देहाय बमोजिमको शिक्षक तथा कर्मचारी छनौट एवं शिफारीस समिति गठन गरिनेछ।

(क) प्रमुख प्रशासकीय अधिकृत —संयोजक

(ख) शिक्षा बिज्ञ (१ जना) —सदस्य

(ग) शिक्षा शाखा अधिकृत —सदस्य सचिव

(२) उपदफा (१) बमोजिको समितिले गाउँपालिका भित्र रहेका सामुदायिक विद्यालयहरुका स्वीकृत दरबन्दी वा अनुदानकोटा वा राहत कोटा) वा स्वयम सेवक शिक्षक वा बालविकास केन्द्रका सहयोगी शिक्षक/सहयोगी कार्यकर्ता वा कर्मचारीको पद रिक्त भई करारमा राख्नु पर्ने भएमा तोकिए बमोजिम छनोट परीक्षा सञ्चालन गरी योग्यताक्रम अनुसार नियूक्तिको लागि सिफरिस गर्नेछ ।

(३) सिफरिसका लागि छनोट परिक्षा सञ्चालन गर्दा आवश्यकता अनुसार थप विषय विज्ञ एवं अन्य जनशक्ती परिचालन गर्नेछ। उक्त विषय विज्ञ एवं जनशक्ती शिक्षा प्रशासन महाशाखाले व्यवस्था गर्नेछ ।

(४) शिक्षक तथा कर्मचारी छनोट परिक्षा सम्वन्धी सम्पुर्ण प्रकृया उपदफा (१) बमोजिमको परिक्षा समितिले तोके बमोजिम हुनेछ ।

(५) शिक्षक तथा कर्मचारी छनौट एवं सिफारीश समिति संयोजक तथा सदस्यहरुको सेवा सुविधा गाउँपालिकाको मापदण्ड बमोजिम हुनेछ ।

२४. <u>गाउँपालिका शिक्षा अधिकारीः</u>

गाउँपालिकामा शिक्षा हेर्ने एकजना गाउँपालिका शिक्षा अधिकारी /शिक्षा प्रशासन महाशाखा प्रमुख हुनेछ । निजको काम, कर्तव्य र अधिकार अन्यत्र उल्लेख भएको सहित देहाय बमोजिम हुनेछ ।

(१) शिक्षा सम्बन्धी योजनाहरु आवश्यकता अनुसार शिक्षा समिति , कार्यपालिका, गाउँ सभाबाट पारित गराई कार्यान्वयन गर्ने गराउने,

(२) गाउँपालिकाको शैक्षिक कार्यक्रम कार्यान्वयन गर्ने गराउने,

(३) स्वीकृत अनौपचारिक शिक्षा , विशेष आवश्यकता भएका बालबालिकाका लागि शिक्षा र शिक्षाको लागि खाद्य कार्यक्रम कार्यान्वयन गर्ने गराउने,

(४) विद्यालय जाने र विद्यालय बाहिर रहेका बालबालिकाको खण्डीकृत शैक्षिक तथ्याङ्क अद्यावधिक गरी तथा गर्न लगाई कार्यपालिका मार्फत प्रदेश तथा केन्द्रमा नियमित रुपमा पठाउने,

(५) विद्यालय सञ्चालन तथा शैक्षिक कार्यक्रम कार्यान्वयनका लागि श्रोतको पहिचान संकलन र उपलव्ध स्रोतको यथोचित बाँडफाँड गर्ने गराउने,

(६) माध्यमिक तहसम्मको शैक्षिक कार्यक्रमको सञ्चालन, व्यवस्थापन, समन्वय र नियमन गर्ने गराउने,

(७) सेवा क्षेत्र भित्रका विद्यालय नक्साङ्कन गरी सोको आधारमा विद्यालय खोल्न अनुमति प्रदान गर्ने, कक्षा थप गर्ने, विद्यालय सार्ने, दुई वा दुईभन्दा बढी विद्यालय एक आपसमा गाभ्ने , विद्यालयको नाम परिवर्तन गर्ने कार्यको योजना वनाई पेश गर्ने र स्विकृती कार्यान्वयन गर्ने गराउने ।

(८) सामुदायिक विद्यालयका शिक्षक तथा कर्मचारी व्यवस्थापन गर्ने, सामुदायिक विद्यालयमा कार्यरत शिक्षक तथा विद्यालय कर्मचारीको पदस्थापना, सरुवा तथा बढुवा सम्बन्धी कार्य गर्ने, स्वीकृत दरवन्दी अनुसार तलब भत्ता निकासा गर्ने,

(९) स्वीकृत कार्य योजना अनुसार विद्यालय सञ्चालन भए नभएको सम्बन्धमा नियमित रूपले निरीक्षण र सुपरीवेक्षण गरी त्यसको प्रतिवेदन शिक्षा समिति लगायत सरोकारवाला समक्ष पेश गर्ने,

(१०) विद्यालयमा कार्यरत शिक्षक तथा कर्मचारीहरूको विदाको अभिलेख अद्यावधिक गर्ने, विद्यालयले स्वीकृत गर्ने बाहेकका अन्य विदाहरू स्वीकृत गर्ने,

(११) वार्षिक रुपमा विद्यार्थी सङख्याको अनुपातमा शिक्षक कर्मचारी दरबन्दी मिलान गर्ने , विद्यालयहरूमा न्यूनतम शिक्षक दरबन्दी उपलब्ध गराउने व्यवस्था गर्ने,

(१२) विद्यालयहरूको समूह विभाजन गरी स्रोत केन्द्र निर्धारण गर्ने र स्रोत केन्द्रबाट विद्यालयको निरीक्षण , शिक्षकको तालिम तथा अन्य शैक्षिक क्रियाकलाप सञ्चालन गर्ने गराउने,

(१३) विद्यालयको गुणस्तर बढाउन प्रधानाध्यापक, शिक्षक, विद्यालय व्यवस्थापन समिति, अभिभावक तथा अन्य सरोकारवालाहरूको नियमित रुपमा बैठक, गोष्ठी वा तालिमको व्यवस्था गर्ने,

(१४) आधारभूत तहको परीक्षा व्यवस्थापन गर्ने , विद्यार्थी सिकाई उपलब्धि परीक्षण एवं व्यवस्थापन गर्ने , विद्यार्थी प्रोत्साहन तथा छात्रवृत्ति व्यवस्थापन गर्ने,

(१५) शिक्षा सम्बन्धी तथा आफ्नो पदिय कार्य गर्दा प्रमुख प्रशासकीय अधिकृतको सुपरीवेक्षण तथा निर्देशनको अधीनमा रही कार्य सम्पादन गर्ने,

(१६) सामुदायिक विद्यालयका शिक्षकहरुलाई आफ्नो विषयप्रति जिम्मेवार र जवाफदेही बनाउने,

(१७) संस्थागत विद्यालयको सञ्चालन व्यवस्थापन र नियमनको व्यवस्था मिलाउने,

(१८) शिक्षक वा कर्मचारीको कार्यसम्पादन मूल्याङ्कन गरी वा गर्न लगाइ त्यसको विवरण आयोगमा पठाउने,

(२९) सामुदायिक विद्यालयका लागि वितरण गरिएका दरबन्दी शैक्षिक–सत्रको शुरुमा मिलान गर्न शिक्षा समितिमा सिफारिस गर्ने,

(२०) विद्यालय निरीक्षक र स्रोत व्यक्तिको कामको अनुगमन , सपुरीवेक्षण गरी निजहरुबाट प्राप्त निरीक्षण प्रतिवेदन उपर कारवाही गर्ने,

(२१) गाउँपालिका भित्रका सरकारी तथा गैर सरकारी शैक्षिक परियोजनाहरूको निरीक्षण तथा समन्वय गर्ने,

(२२) विद्यालय निरीक्षक तथा प्रधानाध्यापकहरूको कार्यसम्पादन करार गर्ने,

(२३) सभा , कार्यपालिका, अध्यक्ष, शिक्षा समिति, प्रमुख प्रशासकिय अधिकृत , राष्ट्रिय परीक्षा बोर्ड र शिक्षा सम्बन्धित आयोगहरूबाट निर्देशित वा प्रत्यायोजित अन्य कार्य गर्ने ।

(२४) गाउँ सभा कार्यपालिका एवं गाउँपालिका अध्यक्षको नीतिगत निर्देशन तथा प्रमुख प्रशासकीय अधिकृतको मातहतमा रही अन्य तोकिए बमोजिमका कार्यहरु गर्ने गराउने,

**२५. <u>निरीक्षकसम्बन्धि व्यवस्थाः</u>**

**यस ऐनमा अन्यत्र लेखिएका सहित निरीक्षकको काम,कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः**

(१) गाउँ शिक्षा समितिले उपदफा (२) बमोजिम काम कर्तव्य गर्न कुनै गाउँपालिकाको कर्मचारी, शिक्षक वा अन्य कुनै योग्य व्यक्तिलाई निरिक्षक तोक्न सक्नेछ।

(क) विद्यालयहरुको नियमित निरीक्षण गरी सम्बन्धीत प्रतिवेदन शिक्षा प्रशासन महाशाखा समक्ष पेश गरी निर्देशन बमोजिम गर्ने,

(ख) विद्यालयको विकासको लागि व्यवस्थापन समिति तथा सरोकारवालाहरूसँग सम्पर्क तथा आवश्यक सरसल्लाह र अन्तरक्रिया गर्ने,

(ग) नमूना शिक्षण गर्ने प्रयोजनको लागि निरीक्षण क्षेत्रभित्रको रोस्टर (समूह) तयार गर्ने र समय–समयमा प्रधानाध्यापक सहित शिक्षकको बैठक बोलाइ शिक्षण गर्ने विषयमा देखिएको समस्या समाधानको लागि आवश्यक काम गर्ने,

(घ) शिक्षक तथा विद्यालयका कर्मचारीको कार्य क्षमताको मूल्याङ्कन गरी त्यसको अभिलेख शिक्षा प्रशासन महाशाखामा पेश गर्ने,

(ङ) विद्यालयको शैक्षिकस्तर बृद्धि गर्न प्रधानाध्यापक तथा व्यवस्थापन समितिका अध्यक्षहरूको गोष्ठीको संयोजन गर्ने , गराउने,

(च) विद्यालयको शैक्षिक तथा आर्थिक अभिलेख दुरुस्त भए नभएको निरीक्षण गरी आवश्यक निर्देशन दिने,
(छ) आफ्नो क्षेत्रभित्रका शैक्षिक तथ्याङ्क सङ्कलन तथा विश्लेषण गरी शिक्षा प्रशासन महाशाखा समक्ष पेश गर्ने,
(ज) शिक्षकलाई तालिमको लागि सिफारिस गर्ने र तालिम प्राप्त शिक्षकको सीपको प्रयोग भए नभएको यकिन गर्न कक्षा अवलोकन गरी सुधारका लागि कार्य गर्ने,
(झ) व्यवस्थापन समितिको बैठक नियमित रूपले बसे नबसेको जाँचबुझ गरी नबसेको भए बैठक बोलाउन प्रधानाध्यापकलाई निर्देशन दिने तथा बैठक बसाउने,
(ञ) स्रोतव्यक्तिको कामको नियमित अनुगमन गरी प्रतिवेदन पेश गर्ने,
(ट) विद्यालयका शिक्षक तथा कर्मचारीको विदाको अभिलेख शैक्षिक सत्रको अन्त्यमा प्रमाणित गर्ने,
(ठ) शिक्षक तथा कर्मचारीको हाजिरी अभिलेख दुरुस्त भए नभएको जाँच वा निरीक्षण गरी विदा नलिई अनुपस्थित हुने शिक्षक तथा कर्मचारीको हकमा हाजिरी पुस्तिकामा गयल जनाई सोको जनाउ सहित कारबाहीको लागि सम्बन्धित विद्यालय व्यवस्थापन समिति र शिक्षा अधिकारीलाई सिफारिस गर्ने,
(ड) आफनो क्षेत्रभित्र सञ्चालन गरिएका अनौपचारिक शिक्षा, विशेष आवश्यकता भएकाहरुका लागि शिक्षा, समावेशी शिक्षा र शिक्षाको लागि खाद्य कार्यक्रमको नियमित रूपमा निरीक्षण तथा अनुगमन गरी शिक्षा अधिकारी समक्ष प्रतिवेदन पेश गर्ने,
(ढ) संस्थागत तथा धार्मिक प्रकृतिका विद्यालयको अनुगमन गरी स्वीकृत मापदण्डको पालना गर्न लगाउने र तदनुसार पुरस्कार र दण्डको लागि गाउँपालिका समक्ष सिफारिस गर्ने,
(ण) तोकिए बमोजिमका अन्य कार्यहरु गर्ने गराउने,
(२) गाउँ शिक्षा समितिले कुनै कर्मचारी, शिक्षक वा अन्य कुनै योग्य व्यक्तिलाई निरिक्षक तोक्न सकिनेछ।

## परिच्छेद —५

## विद्यालय व्यवस्थापन समिति सम्वन्धी व्यवस्था

२६. **सामुदायिक विद्यालय व्यवस्थापन समिति**ः
(१) सामुदायिक विद्यालयको सञ्चालन , व्यवस्थापन र रेखदेख गर्नका लागि प्रत्येक विद्यालयमा देहाय बमोजिमका सदस्यहरू रहेको एक विद्यालय व्यवस्थापन समिति रहनेछः
(क) अभिभावकहरु मध्येबाट समावेसी गरी कम्तीमा २ जना महिला सहित ४ जना —सदस्य
(ख) विद्यालय रहेको सम्बन्धित वडा समितिका सदस्यहरू म ध्येबाट वडा समितिले सिफारिश गरेको १ जना —सदस्य
(ग) विद्यालयका संस्थापक , स्थानीय बुद्धिजीवी, शिक्षाप्रेमी, दाताहरूमध्येबाट विद्यालय व्यवस्थापन समितिले मनोनित गरेको १ महिला सहित २ जना ‘ सदस्य
(घ) विद्यालय शिक्षक अभिभावक संघ अध्यक्ष —सदस्य
(ङ) विद्यालयका शिक्षकहरूले आफूहरूमध्येबाट छनौट गरेको १ जना शिक्षक —सदस्य

(च) विद्यालय हेर्न तोकिएको विद्यालय निरीक्षक एक जना वा गाउँ शिक्षा अधिकारी —सदस्य

(छ) विद्यालय वाल क्लव बाट वा विद्याथीहरु म ध्ये समितिले छानेको एक वालिका एक वालक स्थाई आमन्त्रित (१ बालक, १ बालिका) २ जना —सदस्य

(ज) विद्यालयका प्रधानाध्यापक ‘ सदस्य सचिव

(२) उपदफा (१) को (क), (ख) र (ग) अनुसार प्रतिनिधित्व गर्नेहरु म ध्येबाट समितिले सर्बसम्मत छनोट गरेको व्यक्ती समितिको अध्यक्ष हुनेछ।

(३) उपदफा (२) अनुसार १५ दिन भित्र सर्वसहम्मत अध्यक्ष छनोट हुन नसकेमा उपदफा (१) को (क), (ख) र (ग) अनुसार प्रतिनिधित्व गर्नेहरु म ध्येबाट अध्यक्षका लागि ईच्छुक व्यक्तिहरु मध्येबाट गाउँ शिक्षा समितिले अध्यक्ष तोक्न सक्नेछ।

(४) प्राबिधिक तथा व्यवसायिक विषयमा अ ध्ययन वा तालिम गराइने मा ध्यमिक विद्यालयको विद्यालय व्यवस्थापन समितिमा गाउँपालिका क्षेत्रभित्रका सम्बन्धित विषय तथा व्यवसायसँग आवद्धहरू म ध्ये गाउँपालिका शिक्षा समितिले मनोनित गरेका दुई जना सदस्य रहनेछन् ।

(५) विद्यालय व्यवस्थापन समितिको अ ध्यक्ष छनौट नभएसम्म वा अ ध्यक्षको अनुपस्थितिमा समितिका ज्येष्ठ सदस्यले समितिको अध्यक्षता गर्नेछ ।

(६) विशेष शिक्षा सञ्चालन गर्ने विद्यालयको व्यवस्थापन समितिमा कम्तीमा पचास प्रतिशत सदस्यहरू फरक क्षमता (अपाङ्गता) भएका व्यक्तिको अभिभावकहरू सदस्य रहनेछन ।

(७) व्यवस्थापन समितिको म्याद सकिनुभन्दा एक महिना अगावै नयाँ व्यवस्थापन समितिको गठन गरी बहालवाला व्यवस्थापन समितिले पदभार हस्तान्तरण गर्नु पर्नेछ । यसो हुन नसकेमा वा व्यवस्थापन समिति गठन विवादित भएमा अर्को व्यवस्था नभए सम्मको लागि विद्यालय व्यवस्थापन समितिको गठन गाउँपालिका शिक्षा समितिले गर्नेछ ।

(८) व्यवस्थापन समितिको कार्यकाल ३ (तिन) वर्षको हुनेछ ।

(९) व्यवस्थापन समितिले आफ्नो जिम्मेवारी पुरा नगरेमा जुनसुकै समयमा गाउँ शिक्षा समितिले विघटन गर्न सक्नेछ ।

(१०) समितिका सदस्यले आफ्नो पद अनुसारको आचरण पालना नगरेको देखिएमा गाउँ शिक्षा समितिको सिफारिशमा पदिय आचरण र जिम्मेवारी पुरा नगर्ने अध्यक्ष वा सदस्यलाई जुनसुकै बखत पदबाट हटाउन सक्नेछ ।

(११) उपदफा (९) र उपदफा (१०) वमोजिम पदबाट हटाउनु अघि वा समिति विघटन गर्नु अघि सफाई पेश गर्ने मौकाबाट बञ्चित गरिनेछैन ।

(१३) व्यवस्थापन समिति गठन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

२७. <u>सामुदायिक विद्यालयको विद्यालय व्यवस्थापन समितिको काम,कर्तव्य र अधिकार</u>ः

(१) विद्यालय सञ्चालनको लागि प्राप्त साधन र स्रोतको परिचालन गर्ने,

(२) विद्यालयको चल, अचल सम्पत्तिको लगत राख्ने, राख्न लगाउने र सुरक्षा गर्ने,

(३) विद्यालयको शैक्षिक, भौतिक तथा आर्थिक तथ्याङ्क र विवरण अद्यावधिक गर्ने,

(४) विद्यालयको वार्षिक बजेट स्वीकृत गर्ने, त्यसको जानाकारी गाउँपालिकालाई दिने,

(थ) विद्यालयमा स्वच्छ शैक्षिक वातावरण कायम राख्न राजनैतिक , धार्मिक वा साम्प्रदायिक भावनाको आधारमा विद्यालयको वातावरण विगार्न नदिने,

(६) विद्यालय व्यवस्थापन समितिको सचिवालय व्यवस्थित गर्ने,

(७) शिक्षक सेवा आयोगले लिएको परीक्षामा सफल भई सिफारिश भई आएका शिक्षकलाई विद्यालयमा हाजिर गराई काममा लगाउने,

(८) गाउँपालिकाबाट स्वीकृत दरबन्दीमा नियूक्ति भई आएका शिक्षक कर्मचारीको व्यवस्थापन गर्ने,

(९) स्विकृत दरवन्दीमा स्थाई नियूक्ति भई नआएसम्म गाउँपालिकाले लिएका परीक्षाबाट छनोट भई आएका शिक्षक, तथा कर्मचारीलाई हाजिर गराई काममा लगाउने,

(१०) गाउँपालिकाले तोकेका रजिष्टर्ड लेखापरीक्षकबाट विद्यालयको वार्षिक लेखापरीक्षण गराउने,

(११) लेखापरीक्षकको प्रतिवेदन अनुसार आवश्यक कार्वाही गर्ने र त्यसको प्रतिवेदन पेश गर्ने,

(१२) तोकिए बमोजिमका क्षेत्रसँग सम्बन्धित विषयमा गाउँ सभा कार्यपालिका, गाउँपालिका शिक्षा समिति र वडा समितिले दिएका निर्देशनहरूको पालना गर्ने गराउने,

(१३) विद्यालयको आन्तरिक स्रोतबाट खर्च ब्यहोर्ने गरी नियुक्त वा बढुवा गरेका शिक्षकका लागि सेवा, सर्त र सुविधा तोक्ने र तोकिए बमोजिमको पारिश्रमिक तथा सुविधाहरूको व्यवस्था गर्ने,

(१४) शिक्षक तथा कर्मचारीहरूलाई आवश्यक निर्देशन दिने तथा कार्वाहीको लागि सिफरिस गर्ने,

(१५) विद्यालय व्यवस्थापन समितिका अन्य काम, कर्तव्य अधिकार तोकिए बमोजिम हुनेछ ।

२८. <u>संस्थागत विद्यालय व्यवस्थापन समिति</u>ः

(१) संस्थागत विद्यालयको सञ्चालन, व्यवस्थापन र रेखदेख गर्नका लागि प्रत्येक विद्यालयमा देहाय बमोजिमका सदस्यहरू रहेको एक विद्यालय व्यवस्थापन समिति रहनेछः

(क) विद्यालयको संस्थापक वा लगानीकर्ताहरूम ध्येबाट सम्वन्धित विद्यालयको सिफारिशमा गाउँ शिक्षा समितिबाट मनोनित भएका व्यक्ति —अ ध्यक्ष

(ख) अभिभावक भेलाबाट छानिएका कम्तीमा १ जना महिला सहित २ जना —सदस्य

(ग) स्थानीय शिक्षाप्रेमी/समाजसेवीहरू मध्ये समितिले मनोनित गरेको १ जना —सदस्य

(घ) सम्वन्धित विद्यालयका शिक्षकहरू मध्येबाट छानीएको १ जना शिक्षक —सदस्य

(ङ) विद्यालय रहेको वडा समितिबाट वडा समितिले सिफारिश गरेको एकजना —सदस्य

(च) विद्यालय शिक्षक अभिभावक संघ अध्यक्ष —सदस्य

(छ) विद्यालय वाल क्लव बाट १ वालिका १ वालक गरी २ जना स्थाई आमन्त्रित —सदस्य

(ज) सम्बन्धितक्षेत्रको विद्यालय निरीक्षक —सदस्य

(झ) विद्यालयका प्रधानाध्यापक —सदस्य सचिव

(२) समितिका पदाधिकारी तथा सदस्यको पदावधि ३ वर्षको हुनेछ ।

(३) संस्थागत विद्यालय व्यवस्थापन समितिको अध्यक्ष हुन कम्तीमा स्नातक तह उत्तीर्ण गरेको व्यक्ति हुनु पर्नेछ ।

(४) प्राबिधिक तथा व्यवसायिक विषयमा अ ध्ययन वा तालिम गराइने विद्यालय वा शिक्षालयको व्यवस्थापन समितिमा गाउँपालिका क्षेत्रभित्रका सम्बन्धित विषय तथा व्यवसायसँग आवद्धहरू म ध्ये समितिले मनोनित गरेका दुई जना सदस्य रहनेछन् ।

(५) व्यवस्थापन समितिको म्याद सकिनुभन्दा एक महिना अगावै नयाँ व्यवस्थापन समितिको गठन गरी बहालवाला व्यवस्थापन समितिले पदभार हस्तान्तरण गर्नु पर्नेछ ।

(६) व्यवस्थापन समिति गठन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

२९. <u>संस्थागत विद्यालयको व्यवस्थापन समितिको काम,कर्तव्य र अधिकार</u>ः

(१) विद्यालय सञ्चालनका लागि प्राप्त साधन र स्रोतको परिचालन गर्ने ,

(२) विद्यालयको शैक्षिक ,भौतिक तथा आर्थिक तथ्याङ्क र विवरण अद्यावधिक गर्ने,

(३) विद्यालयमा स्वच्छ शैक्षिक वातावरण कायम राख्ने ,

(४) गाउँपालिकाले तोके बमोजिमको पाठ्यक्रम तथा पाठ्यपुस्तक अनिवार्य रुपमा लागू गर्ने,

(५) अनुशासनहीन शिक्षक तथा कर्मचारीहरूलाई कारवाही गर्ने,

(६) ऐन, नियमावली तथा अन्य कानूनमा उ ल्लेखित व्यवस्थाका अतिरिक्त शिक्षासँग सम्बन्धित सबै नीति नियम, कार्यविधि, निर्देशिका र निर्देशनहरूको पालन गर्ने गराउने,

(७) विद्यालय व्यवस्थापन समितिले आवधिक रुपमा आफ्नो शैक्षिक, आर्थिक लगायत अतिरिक्त क्रियाकलाप समेतको प्रतिवेदन गाउँपालिकामा पेश गर्ने ।

३०. <u>विद्यालय व्यवस्थापन समिति सम्बन्धी अन्य व्यवस्था</u>ः

(१) विद्यालयले सङ्कलन गर्ने सवै प्रकारका शिक्षण शुल्क , कर्मचारी तथा शिक्षकहरुलाई उपलब्ध गराउने पारिश्रमिक, विद्यार्थीहरुलाई उपलब्ध गराउने छात्रवृत्ति लगायतका विषयमा गाउँपालिकाले आवश्यक निर्देशन दिन सक्नेछ ।

(२) शैक्षिक गुठी अन्तर्गत सञ्चालन भएका विद्यालयको सञ्चालन , रेखदेख र व्यवस्थापन सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

(३) विद्यालय व्यवस्थापन समितिका अन्य काम, कर्तव्य अधिकार तोकिए बमोजिम हुनेछ ।

(४) बैठक सम्बन्धी कार्यविधि विद्यालय व्यवस्थापन समितिले तोके बमोजिम हुनेछ ।

(५) कुनै पनि व्यक्ति एक भन्दा बढी विद्यालय व्यवस्थापन समितिमा रहन सक्नेछैन । तर पदेनको हकमा यो लागु हुनेछैन ।

(६) प्राकृतीक प्रकोप वा महामारीका कारण समयमा नयाँ व्यवस्थापन समिति गठन हुन नसक्ने अवस्थामा शिक्षा समितिले १ (एक) वर्ष कार्यकाल थप गराउन सक्नेछ ।

**३१. राजीनामा र पदपुर्तीः**

(१) व्यवस्थापन समितिका सदस्यको राजीनामा सो समितिका अ ध्यक्षले र व्यवस्थापन समिति अध्यक्षको राजीनामा सम्बन्धित व्यवस्थापन समितिले स्वीकृत गर्नेछ ।

(२) राजिनामा वा अन्य कारणले अध्यक्ष वा अन्य कुनै पद रिक्त भएमा जुन प्रकृयाले छनोट भएको सोही प्रकृयाबाट पद पुर्ती हुनेछ ।

(३) व्यवस्थापन समितिको कार्यकाल ६ (छ) महिना भन्दा कम भएको अवस्थामा भने अध्यक्ष रिक्त रहेकोमा जेष्ठ सदस्यले अध्यक्षता गर्नेछ रिक्त पद पुर्ती हुने छैन ।

**३२. विद्यालय व्यवस्थापन समिति विघटन गर्न सकिनेः**

(१) कुनै पनि विद्यालय व्यवस्थापन समितिले तोकिएको जिम्मेवारी पुरा गर्न नसकेको भनी अनुगमन समिति वा शिक्षा अधिकारीले प्रतिवेदन पेश गरेमा गाउँपालिका शिक्षा समितिले वडा समितिको सिफरिश सहित वा सिधै सोको कारण खुलाई विद्यालय व्यवस्थापन समितिलाई विघटन गर्नसक्नेछ। तर यसरी विघटन गर्नु अघि विद्यालय व्यवस्थापन समितिलाई आफ्नो सफाइ पेश गर्ने मनासिब मौका दिइनेछ ।

(२) उपदफा (१) बमोजिम विद्यालय व्यवस्थापन समिति विघटन भएपछि अर्को विद्यालय व्यवस्थापन समिति गठन नभएसम्म वा अन्य कुनै कारणले विद्यालय व्यवस्थापन समिति गठन नभएमा शिक्षा समितिले विद्यालय व्यवस्थापन समितिको काम गर्न एक अस्थायी विद्यालय व्यवस्थापन समिति गठन गरी दिन सक्नेछ ।

**३३. विद्यालय सञ्चालन विनियमः**

(१) यस ऐन र प्रचलित कानूनको अधीनमा रही प्रत्येक विद्यालयले विद्यालयको लक्ष्य , मूल्य, मान्यता र सञ्चालन प्रक्रिया बालबालिकाहरुको चौतर्फी विकासमा टेवा पुग्ने गरी अतिरिक्त क्रियाकलापहरुको विवरण लगायतका अन्य सान्दर्भिक विषयवस्तु समावेस गरिएको विद्यालय सञ्चालन विनियम अभिभावक भेलाबाट पारित गराई शिक्षा समितीको स्विकृतीमा लागु गर्नु पर्नेछ ।

(२) अभिभावक भेलाले आवश्यकता अनुसार विद्यालय सञ्चालन विनियम संशोधन गर्नसक्नेछ ।

(३) विद्यालय सञ्चालन विनियम अनुसार विद्यालय सञ्चालन गर्नु व्यवस्थापन समिति र प्रधाना ध्यापक लगायत अन्य सबैको कर्तव्य हुनेछ ।

(४) अध्यावधिक गरेको विद्यालय सञ्चालन विनियम पारित भएको मितिले १ ५ दिनभित्र व्यवस्थापन समितिले शिक्षा प्रशासन शाखामा पेश गरी स्विकृती लिनु पर्नेछ ।

(५) गाउँपालिका क्षेत्र भित्र शैक्षिक विकासका लागि नमूना विद्यालयको विकास गर्न , आवश्यकता अनुसार नमूना विद्यालय स्थापना गर्न वा हाल सञ्चालित सामुदायिक विद्यालयहरु मध्येबाट नमूना विद्यालय छनौट गरी सञ्चालन गर्न सक्नेछ। नमूना विद्यालयलाई सम्वन्धित विषयमा आवश्यक स्वयम्सेवक र थप सहयोगको व्यवस्था तोकिए बमोजिम गरिनेछ ।

## परिच्छेद –६

## आर्थिक र जिन्सी व्यवस्था,लेखा र लेखापरीक्षण तथा अन्य व्यवस्था

**३४. गाउँपालिका शिक्षा विकास कोषः**

(१) सामुदायिक विद्यालयको भौतिक पूर्वाधार विकासमा सहयोग पु र्याउन तथा त्यस्ता विद्यालयमा शैक्षिक गुणस्तर अभिवृद्धि गर्न र गाउँपालिकामा अतिरिक्त क्रियाकलाप एवं खेलकुद विकासका लागि गाउँपालिकामा एउटा गाउँपालिका शिक्षा विकास कोष रहनेछ ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहायका रकमहरू रहने छन् ,

(क) नेपाल सरकारबाट प्राप्त अनुदान रकम,

(ख) प्रदेश सरकारबाट प्राप्त अनुदान रकम,

(ग) गाउँपालिकाबाट प्राप्त अनुदान रकम,

(घ) संस्थागत विद्यालयबाट प्राप्त वार्षिक कुल आम्दानीमध्ये तोकिए बमोजिमको रकम,

(ङ) चन्दाबाट प्राप्त रकम,

(च) अन्य स्रोतबाट प्राप्त रकम ।

**३५. गाउँपालिका शिक्षा विकास कोष सञ्चालनः**

गाउँपालिका शिक्षा विकास कोषको सञ्चालन तोकिए बमोजिम हुनेछ ।

**३६. <u>विद्यालय कोषः</u>**

(१) प्रत्येक विद्यालयमा एउटा विद्यालय कोष रहनेछ , जसमा देहाय बमोजिमका स्रोतबाट प्राप्त रकम सो कोषमा दाखिल हुनेछः

(क) नेपाल सरकार, प्रदेश सरकार र गाउँपालिकाबाट प्राप्त अनुदान रकम,

(ख) गाउँपालिकाको शिक्षा कोषबाट प्राप्त अनुदान,

(ग) शुल्क तथा सहयोगबाट प्राप्त रकम,

(घ) चन्दा वा दान दातव्यबाट प्राप्त रकम,

(ङ) अन्यस्रोतबाट प्राप्त रकम,

(२) उपदफा (१) बमोजिमको कोषको सञ्चालन र लेखापरीक्षण तथा सामाजिक परीक्षण तोकिए बमोजिम हुनेछ ।

**३७. <u>अनुदानको व्यवस्थाः</u>**

(१) यो ऐन बमोजिम कुनै सामुदायीक विद्यालय शैक्षिक क्रियाकलाप वा शैक्षिक पूर्वाधार निर्माणको लागि आवश्यक अनुदान दिन सक्नेछ।

(२) साधारण र सामुदायिक विद्यालयहरुलाई अनुमती वा स्वीकृति पश्चात तोकिए बमोजिम दरबन्दी उपलब्ध गराइनेछ ।

**३८. <u>प्रारम्भिक बाल विकासकेन्द्रलाई अनुदान दिन सक्नेः</u>**

आफैले वा आफ्नै सहयोगमा खोलिएका वा यो ऐन प्रारम्भ हुँदाका बखत संघीय सरकारबाट अनुदान प्राप्त गरी रहेका प्रारम्भिक बाल विकास केन्द्र तथा प्रारम्भिक बाल विकास सिकई केन्दलाई गाउँपालिकाले तोकिए बमोजिम अनुदान दिन सक्नेछ ।

**३९. <u>सामुदायिक सिकाई केन्द्रलाई अनुदान दिन सक्नेः</u>**

(१) तोकिएको क्षेत्रमा संघीय/प्रदेश सरकारबाट अनुदान प्राप्त गरी तथा गाउँ पालिकाले आफ्नो श्रोत परिचालन गरी वा साझेदारीमा सामुदायिक सिकाई केन्द्र मार्फत अनौपचारिक शिक्षा कार्यक्रम , सामुदायिक पुस्तकालय सञ्चालन लगायतका साक्षरता, सचेतना एवं सशक्तिकरणका कार्यक्रमहरु सञ्चाल गराउन सक्नेछ ।

**४०. <u>शुल्क सम्वन्धी व्यवस्थाः</u>**

(१) नेपाल सरकारले निःशु ल्क शिक्षा घोषणा गरेको विद्यालय शिक्षाका लागि सामुदायिक विद्यालयले विद्यार्थीहरूबाट कुनै पनि किसिमको शुल्क लिन पाउने छैन ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि कुनै अभिभावकले आफ्नो इच्छाले दिएको दान, उपहार, चन्दा वा सहयोग सामुदायिक विद्यालयले लिन सक्नेछ ।

(३) सबै बाल बालिकाहरूलाई आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशु ल्क तथा माध्यमिक तह सम्म निःशुल्क शिक्षा प्रदान गर्नको लागि गाउँपालिकाले आवश्यक स्रोतको व्यवस्था गर्नेछ ।

(४) अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि एकमुस्ट अनुदानमा आधारित सामुदायिक विद्यालयले अनुदानबाट खर्च नव्यहोरिएका विद्यार्थीहरु मध्ये शुल्क तिर्न राजी अभिभावकहरुबाट शुल्क उठाउनबाट बन्देज लाग्ने छैन तर शुल्क तिर्न राजी नभएको कारणबाट कुनै पनि बालबालिकालाई शिक्षाबाट वञ्चित गर्न पाइने छैन ।

(५) दृष्टिविहीन बालबालिकालाई ब्रेललिपि , बहिरा र स्वर वा बोलाइ सम्बन्धी अपाङ्गता भएका बालबालिकालाई साङ्केतिक भाषाको माध्यमबाट निःशुल्क शिक्षा प्रदान गर्ने तोकिए बमोजिम व्यवस्था गरिनेछ। यस कार्यमा सहयोग गर्न चाहाने नीजि क्षेत्रलाई गाउँपालिकाले आवश्यक सहयोग गर्नेछ ।

(६) उपदफा (१) बमोजिम निःशुल्क शिक्षा घोषणा गरेको विद्यालय शिक्षा बाहेक अन्य विद्यालयमा अध्ययन गर्ने विद्यार्थीसँग लिने शुल्क गाउँपालिकाले स्विकृत गरे वमोजिम हुनेछ ।

(७) विद्यालयले विद्यार्थीहरूलाई कुनै कक्षामा भर्ना गर्दा एकपटक भर्ना शुल्क लिइसकेपछि पुनः सोही विद्यालयको अर्को कक्षामा भर्ना गर्नका लागि शिक्षण शुल्क वाहेक अन्य कुनै किसिमको शुल्क लिन पाउने छैन ।

(८) विद्यालयले आफ्नो भौतिक संरचना निर्माण गर्नका लागि विद्यार्थीहरुसँग कुनै किसिमको शुल्क लिन पाउने छैन ।

(९) संस्थागत विद्यालयले विद्यार्थीसँग लिने शुल्क गाउँपालिकाबाट स्वीकृत गराई निर्धारण गर्नु पर्नेछ। शुल्क निर्धारण सम्बन्धमा स्वीकृति दिंदा विद्यालयले उपलब्ध गराएको सुविधाको आधारमा हुनेछ ।

(१०) कुनै विद्यालयले यस ऐन विपरीत विद्यार्थीसँग कुनै शुल्क लिएमा शिक्षा अधिकारीको निर्देशनमा त्यस्तो शुल्क सम्बन्धित विद्यार्थीलाई फिर्ता गर्न लगाउनेछ ।

(११) यस ऐन विपरीत शुल्क लिने विद्यालयलाई गाउँ शिक्षासमितिको सिफारिशमा कार्यपालिकाले लिएइएको शुल्कमा १० (दश) प्रतिशत जरिवाना सहित शुल्क फिर्ता गर्न सक्नेछ।

४१. <u>छात्रवृत्तिको व्यवस्था गर्न सक्नेः</u>

(१) गाउँपालिकाले सामुदायिक विद्यालयमा भर्ना भई अध्ययन गर्ने विद्यार्थीहरूलाई तोकिए बमोजिम छात्रवृत्तिको व्यवस्था गर्नसक्नेछ ।

(२) आर्थिक अभावका कारण विद्यालय जान नसकेका वालवालिकाहरुलाई विद्यालयमा भर्ना भई अध्ययन गर्ने वातावरण वनाउन र विद्यालयमा भर्ना भई अध्ययन गर्ने विद्यार्थीहरूको सिकाई सुधारका लागि गाउँपालिकाले आफ्नै श्रोत वा साझदारहरुको सहयोगमा विषेश कार्यक्रमहरु (छात्रबृत्ती लगायत) सञ्चालन गर्न सक्नेछ ।

(३) गाउँ सभाले विनियोजन गरेका शसर्त बाहेकका छात्रवृति वितरण सम्बन्धि छुटै कार्यविधि वा मापदण्ड निर्माण गर्नु पर्नेछ।

(४) संघीय/प्रदेश सरकारले विद्यार्थीहरुलाई तोकिए बमोजिम खाजाको व्यवस्था गरिनेछ ।

४२. <u>संस्थागत विद्यालयले छात्रवृत्ति उपलब्ध गराउनु पर्नेः</u>

(१) संस्थागत विद्यालयहरूले भर्ना भएका कुल विद्यार्थी सङख्याको कम्तीमा दश प्रतिशतमा नघट्ने गरी तोकिए बमोजिम आर्थिक रुपमा विपन्न , अपाङ्ग, महिला, दलित तथा जनजाति विद्यार्थीलाई छात्रवृत्ति उपलब्ध गराउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम छात्रवृत्तिका लागि विद्यार्थी छनौट गर्न विद्यालयले गाउँपालिका प्रतिनिधि समेत रहेको छनौट समिति गठन गर्नेछ ।

(३) समितिले छात्रवृत्तिको लागि छनौटको नतिजा आधार सहित सार्वजनिक गर्नु पर्नेछ ।

(४) प्रत्येक विद्यालयले आफूले उपलब्ध गराएको छात्रवृत्तिको आधार सहितको विवरण गाउँपालिकामा पेश गर्नु पर्नेछ ।

(५) उपदफा (२) बमोजिम गाउँपालिकामा पेश भएको छात्रवृत्ति विवरणमा त्रुटी वा अन्यथा देखिएमा पुनरावलोकन गर्न सम्वन्धित विद्यालयलाई निर्देशन दिन सक्नेछ। उक्त निर्देशन पालना गर्नु विद्यालयको कर्तव्य हुनेछ ।

४३. <u>विद्यालयको सम्पत्तिः</u>

(१) सामुदायिक विद्यालयको हकभोगमा रहेको सम्पत्ति सार्वजनिक सम्पत्ति मानिनेछ। यस ऐन बमोजिम अनुमति वा स्वीकृति रद्ध गरिएको वा कुनै विद्यालयमा गाभिएको सामुदायिक विद्यालयको सम्पत्ति गाउँपालिकाको हुनेछ। अन्य विद्यालयको काममा प्रयोगमा नआउने भएमा प्रचलित कानून बमोजिम बेचबिखन गरी प्राप्त भएको रकम गाउँपालिका शिक्षा कोषमा जम्मा गरिने छ ।

(२) शैक्षिक गुठी अन्तर्गत सञ्चालित संस्थागत विद्यालयको सम्पत्ति सोही विद्यालयको नाममा रहनेछ, कुनै विद्यालय सार्वजनिक शैक्षिक गुठीको रुपमा सञ्चालन गरिएकोमा त्यस्तो विद्यालयको सम्पत्ति सार्वजनिक सम्पत्ति मानिनेछ तर त्यस्तो सम्पत्तिको स्वरुप परिवर्तन गर्न पाइने छैन ।

(३) कम्पनि अन्तर्गत सञ्चालित विद्यालयको सम्पत्ति सोही कम्पनिको नाममा रहनेछ ।

(४) संस्थागत विद्यालयले कुनै व्यक्ति वा संघ संस्थासँग दानदातव्यको रुपमा कुनै किसिमको चल , अचल सम्पत्ति प्राप्त गर्नु अघि गाउँपालिकाको स्वीकृति लिनु पर्नेछ । तर विदेशी व्यक्ति वा संघ संस्थाबाट त्यसरी चल, अचल सम्पत्ति प्राप्त गर्नु अघि गाउँपालिकाको सिफारिशमा संघीय सरकारको स्वीकृति लिनु पर्नेछ ।

(५) संघीय सरकारको स्वीकृतिमा प्राप्त गरेको सम्पत्ति संघीय सरकारको स्वीकृति बेगर , प्रदेश सरकारको स्वीकृतिमा प्राप्त गरेको सम्पत्ति प्रदेश सरकारको स्वीकृति बेगर र गाउपालिकाको स्वीकृतिमा प्राप्त गरेको सम्पत्ति गाउँपालिका स्विकृती वेगर बेचविखन तथा अन्यथा गर्न पाइने छैन ।

४४. <u>विद्यालयलाई छुट र सुविधा</u>ः

(१) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भएतापनि सामुदायिक विद्यालय र सार्वजनिक शैक्षिक गुठीको रुपमा सञ्चालित संस्थागत विद्यालयको नाममा जुनसुकै लिखत पारित गर्दा रजिष्ट्रेशन दस्तुर लाग्ने छैन ।

(२) उपदफा (१) मा लेखिएको वाहेक अन्य विद्यालयको नाममा कुनै लिखत पारित गर्दा नेपाल सरकारले तोके बमोजिमको आधारमा रजिष्ट्रेशन दस्तुर छुट दिन सक्नेछ ।

(३) विद्यालयहरुलाई दिइने अन्य छुट र सुविधा तोकिए बमोजिम हुनेछ ।

४५. <u>लेखा र लेखापरीक्षण</u>ः

(१) विद्यालयहरुले दोहोरो स्रेस्ता प्रणाली र प्रचलित लेखामानका आधारमा आयव्ययको स्रेस्ता राख्नुपर्नेछ ।

(२) विद्यालयले राखेको स्रेस्ताको प्रचलित कानून बमोजिम मान्यताप्राप्त लेखापरीक्षकबाट वार्षिक रुपमा लेखापरीक्षण हुनेछ ।

(३) उपदफा (२) बमोजि गर्दा गाउँपालिकामा सूचिकृत मध्ये तोकिएको लेखापरिक्षकबाट विद्यालयको लेखापरीक्षण गराउनु पर्नेछ ।

## परिच्छेद –७

## <u>दरवन्दी मिलान, शैक्षिक योग्यता, नियुक्ति र सरुवा सम्वन्धी व्यवस्था</u>

४६. <u>शिक्षक दरबन्दी मिलान</u>ः

आवश्यक मापदण्ड सहित विद्यार्थी /शिक्षक अनुपात निर्धारण गरी गाउँपालिका शिक्षा समितिका निर्णयमा शिक्षा प्रशासन शाखाले सामान्यतया प्रत्येक वर्षको चैत्रभित्र दरबन्दी मिलान कार्य गर्नेछ। हाल रहेको शिक्षक जगेडा दरबन्दी यसै ऐन बमोजिम कार्यपालिका मातहत रहनेछ ।

४७. <u>शिक्षकको पदपुर्ती तथा नियुक्ति</u>ः

(१) विद्यालयमा रिक्त शिक्षकको पदपुर्ती हाल रहेको शिक्षक जगेडा दरबन्दीमा रहेका , समायोजन भई आएका, सरुवा भई आएका र सेवा आयोग उतिर्ण भई सिफरिस गरिएकाहरुबाट हुनेछ ।

(२) शिक्षक सेवा आयोगबाट सफल भई सिफारिश भएका शिक्षकलाई गाउँ शिक्षा समितिको सिफारिसमा प्रमुख प्रशासकीय अधिकृतले विषय मिल्ने गरी स्थायी नियुक्ति दिई काममा लगाउनेछ ।

(३) उपदफा (१) अनुसार पदपुर्ती नभएसम्मका लागि विद्यालयमा रिक्त शिक्षक तथा बाल विकास केन्द्रका सहयोगी शिक्षक/सहयोगी कार्यकर्ता एवं स्वयमसेवक शिक्षकको पदपुर्ती यसै ऐनको दफा २२. बमोजिम गठित शिक्षक तथा कर्मचारी छनौट एवं सिफारीश समितिले छनोट परिक्षा सञ्चालन गरी सिफरिश भएकालाई करार नियूक्ती गरिनेछ। यसरी करार नियूक्ती भएका शिक्षक स्थाई पदपुर्ती भएको मितिबाट स्वत खारेज हुनेछ ।

(४) रिक्त दरबन्दीमा विद्यालय व्यवस्थापन समितिको माग अनुसार गाउँपालिकाको कार्यालयले नियुक्ति प्रक्रिया अगाडि बढाइनेछ।

(५) विद्यालय व्यवस्थापन समिति नभएको खण्डमा गाउँपालिकाले नियुक्ति प्रक्रिया अगाडि बढाइनेछ।

(६) स्थाई, अस्थायी, करार, अनुदानकोटा (राहत) बाल विकास केन्द्रका सहयोगी शिक्षक/सहयोगी कार्यकर्ताको सेवा सर्त सुविधा तोकिए बमोजिम हुनेछ ।

(७) स्वयम सेवक शिक्षक (अनुदान कोटा), दैनिक ज्यालादारीमा काम गर्ने शिक्षकको सेवा सुविधा कार्यपालिकाले तोके बमोजिम हुनेछ।

**४८. <u>कर्मचारी सम्बन्धी व्यवस्था</u>:**

(१) सामुदायिक विद्यालयमा गाउँपालिकाले स्वीकृत गरे बमोजिमको संख्यामा कर्मचारीको दरबन्दी रहनेछ ।

(२) सामुदायिक विद्यालयमा यस अघी कायम रहेका कर्मचारी दरवन्दी यस ऐन वमोजिम दरवन्दी कायम भएको मानिनेछ ।

(३) उपदफा (१) बमोजिमका कर्मचारी दरवन्दी , नियुक्ति, सेवाको सर्त र सुविधा सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

(४) अन्यत्र जुनसुकै कुरा उल्लेख भएतापनी सामुदायिक विद्यालयमा यस अघी कायम रहेका कर्मचारीले पाई आएको सेवा सुविधा कटौती गरिने छैन ।

**४९. <u>दैनिक ज्यालादारीमा शिक्षक व्यवस्थापन गर्न सकिने</u>:**

(१) कुनै सामुदायिक विद्यालयमा कायम रहेका शिक्षक दरबन्दीबाट पठनपाठन गर्न कठिनाई भएमा विद्यालय व्यवस्थापन समितिले निर्णय गरी शिक्षक माग गरेमा गाउँ शिक्षा समितिले अर्को शिक्षक व्यवस्था नभए सम्मको लागि दैनिक ज्यालादारीमा शिक्षक नियुक्त गरी पठनपाठन गर्न गराउन सक्नेछ।

(२) उपदफा (१) बमोजिम नियुक्त हुने शिक्षकको अध्यापन अनुमतिपत्र नभए पनि नियुक्ति गर्न बाधा पर्ने छैन।

**५०. <u>शिक्षक, कर्मचारीको सरुवा तथा बढुवातथा काज सम्बन्धमा</u>:**

(१) विद्यालय गुण्स्तर एवमं नियमित संचालनका लागि तह अनुसार दरबन्दी कायम भएको एक विद्यालयबाट अर्को विद्यालयमा प्रधानाध्यपक, शिक्षक (अनुदान शिक्षक), विद्यालय कर्मचारी एवमं विद्यालय सहयोगी समेतलाई रिक्त दरबन्दीमा गाउँपालिका भित्र गाउँ शिक्षा समितिले आवश्यकता अनुसार सरुवा गर्न सक्नेछ।

(२) सरुवा भएर जाने र आउने दुबै विद्यालयका व्यवस्थापन समितिको सहमतिमा कक्षा सञ्चालनमा बाधा नपर्ने गरी रिक्त दरबन्दीमा गाउँपालिका क्षेत्र वाहिर सरुवाका लागि निवेदन दिने शिक्षकहरुको सरुवा सम्वन्धमा प्रमुख प्रशासकीय अधिकृतले सम्वन्धित निकायमा सिफरिस गर्न वा सहमती दिन सक्नेछ ।

(३) गाउँपालिका शिक्षा समितिले आवश्यकताका आधारमा आफ्नो क्षेत्रभित्र कुनैपनि प्रधानाध्यापक, शिक्षक विद्यालय कर्मचारी, स्वयमसेवक शिक्षक एवं विद्यालय सहयोगीको सरुवा गर्न भने कुनै दफा, उपदफाले वाधा पुर्याएको मानिने छैन ।

(४) शिक्षक तथा कर्मचारीको बढुवा प्रयोजनका लागि संघीय तथा प्रदेश ऐनमा तोकिए बमोजिमको गरिनेछ।

(५) यस गाउँपालिकामा कार्यरत कर्मचारी तथा स्वयम सेवक शिक्षक (अनुदान) आवश्यकता अनुसार गाउँ शिक्षा समितिले काजमा खटाउन सकिनेछ। काज सम्बन्धि अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

**५१. <u>शैक्षिक योग्यता</u>:**

(१) विद्यालयको शिक्षक, स्वयमसेवक शिक्षक, वालविकास केन्द्रको सहयोगी शिक्षक/सहयोगी कार्यकर्ता एवं कर्मचारीका लागि चाहिने न्यूनतम शैक्षिक योग्यता प्रचलित कानूनमा तोकिए बमोजिम हुनेछ ।

(२) विद्यालयको गुणस्तर सुधार र उपयूक्त सञ्चालन व्यवस्थापनका लागि गाउँपालिका शिक्षा समिति थप योग्यता र मापदण्ड वनाई लागु गर्न सक्नेछ ।

**५२. <u>अध्यापन अनुमतिपत्र लिनु पर्ने</u>:**

(१) यो ऐन प्रारम्भ भएपछि अध्यापन अनुमतिपत्र नलिई कसैले पनि सामुदायिक विद्यालयको शिक्षक पदको लागि उम्मेदवार हुन पाउने छैन ।

(२) अन्यत्र जे सुकै लेखिएतापनी तोकिएको दरवन्दीले विद्यालयमा पठन पाठनमा समस्या आई विद्यालय व्यवस्थापन समितिले अन्य आन्तरिक श्रोतबाट ब्योहोर्ने गरी वा गाउँपालिकाले आन्तरिक व्यवस्थापन गरी कुनै अवधिको लागि शिक्षक वा स्वयमसेवक शिक्षक पुर्ती गर्ने व्यवस्था मिलाइएको अवस्थामा गाउँपालिकाले बैकल्पिक व्यवस्था गर्न सक्नेछ। उपदफा (१) ले बाधा परेको मानिने छैन ।

**५३. <u>शिक्षक विद्यार्थीको अनुपात मिलाउनु पर्ने</u>:**

गाउँपालिकाले प्रत्येक विद्यालयमा नियमित अध्ययन गर्ने विद्यार्थी सङ्ख्या , तह र विषयका आधारमा तोकिए बमोजिम विद्यार्थी तथा शिक्षकको अनुपात कायम गर्नेछ ।

**५४. <u>शिक्षकलाई अन्य काममा लगाउन नहुने</u>:**

(१) सामुदायिक विद्यालयलको शिक्षकहरुलाई शिक्षा प्रदान गर्ने वा विद्यालय प्रशासनिक सम्बन्धी कममा बाहेक अन्य काममा लगाउन हुँदैन ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि विद्यालयको पठन पाठनमा बाधा नपर्ने गरी नेपाल सरकार वा गाउँपालिकाले तोकेको अन्य कुनै काममा खटाउन सकिनेछ ।

**५५. <u>प्रधानाध्यापक सम्वन्धी व्यवस्था</u>:**

(१) प्रत्येक सामुदायिक विद्यालयमा एक जना प्रधानाध्यापक र एकजना सहायक प्रधानाध्यपकको दरबन्दी रहनेछ ।

(२) ज्येष्ठता , कार्यदक्षता र कार्ययोजनाका आधारमा गाउँपालिका शिक्षा समितिको निर्णय अनुसार प्रधानाध्यापक र विद्यालय व्यवस्थापन समितिको निर्णय अनुसार सहायक प्रधानाध्यपकको छनोट हुनेछ ।

(३) उपदफा (१) बमोजिमका प्रधानाध्यापक, सहायक प्रधानाध्यपकको पदावधि सामान्यतया ३ (तीन) वर्षको हुनेछ । प्रधानाध्यापक, सहायक प्रधानाध्यपकको काम कर्तब्य संतोष जनक नदेखिएमा जुनसुकै वखत पनि गाउँ शिक्षा समितिको सिफारिसमा गाउँ कार्यपालिकाले हटाउन सकिनेछ।

(४) यो ऐन प्रकाशन भएको ६ महिना भित्र मापदण्ड तोकी गाउँपालिकाको कार्यालयले प्रधानाध्यापक नियुक्त गर्न सुचना आहवान गर्ने छ।

(५) उपदफा (३) बमोजिम नियुक्त प्रधानाध्यापकहरुको म्याद समाप्त भएको ३ बर्षमा पुनः सुचना प्रकाशन गरी प्रधानाध्यापक नियुक्त गरिनेछ।

(६) उपदफा (३) बमोजिम मापदण्ड पुरा गर्न नसक्ने हाल वहालवाला प्रधानाध्यापकहरुलाई जिम्मेवारीबाट हटाउन सक्नेछ।

(७) पदावधी पुरा गरेका प्रधानाध्यापक वा सहायक प्रधानाध्यपक कार्यसम्पादन मुल्यङ्कन र कार्यजिम्मेवारीका आधारमा प्रोत्साहन स्वरुप पुनः नियुक्ति हुन सक्नेछ ।

(८) गाउँपालिकाको क्षमताका आधारमा कार्यपालिकाले प्रचलित कानूनको विपरित नहुने गरी प्रधानाध्यापक सहायक प्रधानाध्यापक तथा अन्य शिक्षक, र्काचारीको सेवा सुविधा थप गर्नसक्नेछ ।

(९) प्रधानाध्यापक तथा सहायक प्रधानाध्यापक छनोट, सेवा शर्त र सुविधा सम्वन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**५६. <u>शिक्षक महासंघ</u>ः**

(१) सामुदायिक विद्यालयलका शिक्षकहरूको पेशागत हकहितका सम्बन्धमा कार्य गर्न तोकिए बमोजिमको एक शिक्षक महासंघ रहनेछ ।

(२) पेशागत मर्यादा भित्र रहेर शिक्षकहरुले महासंघको सदस्यता लिएर पेशागत हित एवं रचनात्मक कृयाकलाप गर्न सक्नेछन ।

**५७. <u>सेवाबाट वर्खास्त गर्न सक्ने</u>ः**

(१) देहायका अवस्थामा शिक्षक तथा कर्मचारीलाई विद्यालय व्यवस्थापन समितिले कारवाहीको लागि गाउँपालिका शिक्षा समितिमा सिफारिश गर्नेछ। सो उपर अनुगमन समितिको प्रतिवेदनका आधारमा गाउँपालिका कार्यपालिकाले सेवाबाट बर्खास्त गर्नसक्नेछ ।

(क) तोकिए बमोजिम पदीय दायित्व पुरा नगरेमा,

(ख) स्थाई शिक्षक , कर्मचारी विना सूचना लगातार ९० (नव्वे) दिन र अन्य शिक्षक कर्मचारी लगातार (१५) पन्ध्र दिनभन्दा बढी समय विना सुचना एवं उचित कारण विद्यालयमा अनुपस्थित भएमा,

(ग) विद्यालयमा मादक पदार्थ सेवन गरी आएको कुरा प्रमाणित भएमा,

(घ) नैतिक पतन देखिने कुनै फौजदारी अभियोगमा अदालतबाट सजाय पाएमा,

(ङ) सामुदायिक विद्यालयलका शिक्षक वा कर्मचारीहरुले कार्यालय समयमा अन्यत्र अध्यापन वा अन्य व्यवसायिक क्रियाकलाप गरेमा,

(च) शिक्षक वा कर्मचारीले व्यवसायिक हकहितका नाममा सूक्ष्म रुपमा अमूक राजनैतिक दलको मात्र हित वा विरोधमा कार्य गर्ने संगठनका गतिविधिमा कार्यालयको समयमा संलग्न भएमा ।

(छ) विद्यार्थीलाई शारीरिक, मानसिक यातना दिने वा यौनजन्य दुव्र्यवहार गरेमा ।

(२) उपदफा (१) बमोजिम वा अन्य कारण वा माध्यमले कुनै शिक्षक वा कर्मचारीलाई पदबाट हटाउनु पर्ने कारणको आवश्यक प्रमाण प्राप्त भएमा कार्यपालिकाले निजलाई पदबाट हटाउन सक्नेछ।

(३) हटाउनु पुर्व शिक्षा प्रशासन महाशाखाले छानविन गर्दा निजको (क) (ग) (ङ) (च) मा उल्लेखित कृयाकलाप भएको तर सो बाट कुनै क्षती नपुगेको भेटीएमा एक पटकको लागि चेतावनी सहित सुध्रनको लागि मौका दिन सकिनेछ ।

(४) उल्लेखित जुनसुकै कार्य भएका कारण कार्यरत पदबाट हटाउनु पर्ने देखिएमा हटाउनु अघी मनासिव माफिकको स्पष्टीकरणको मौका प्रदान गरिनेछ ।

**५८. <u>तलब भत्ता नपाउने र सेवा अवधी गणना नहुने</u>ः**

दफा ५२. को उपदफा (२) मा उल्लेखित अवस्थामा वा नियमानुसार बिदा स्वीकृत गराई बसेको अवस्थामा बाहेक विद्यालयमा अनुपस्थित रहेका शिक्षक, सहयोगी शिक्षक/सहयोगी कार्यकता तथा कर्मचारीले अनुपस्थित अवधीको तलब भत्ता पाउने छैन, सो अवधी सेवामा गणना समेत हुनेछैन ।

**५९. <u>स्थायी आवासीय अनुमति लिन नहुने</u>ः**

सामुदायिक विद्यालयलमा कार्यरत कुनै शिक्षक , स्वयमसेवक शिक्षक , वालविकास केन्द्रको सहयोगी शिक्षक/सहयोगी कार्यकर्ता एवं कर्मचारीले कुनै पनि देशको स्थायी आवासीय अनुमति लिन वा त्यस्तो अनुमति प्राप्त गर्नको लागि आवेदन दिन हुँदैन। स्थायी आवासीय अनुमति लिएका वा लिन आवेदन दिएका शिक्षक वा कर्मचारीलाई दण्ड तथा सजाय संघीय कानुन बमोजिम हुनेछ ।

**६०. <u>गाउँपालिकाले निर्देशन दिन सक्ने</u>ः**

(१) गाउँपालिकाले तोकिएको क्षेत्रसँग सम्वन्धित विद्यालय, छात्रावास, ट्युसन सेन्टर, कोचिङ सेन्टर सञ्चालनका लागि तोकिए बमोजिमका सर्त पुरा गरेका संस्थालाई अनुमति लगायतका आवश्यक निर्देशनहरु दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको दिइएको निर्देशन पालन गर्नु/गराउनु विद्यालय तथा सम्वन्धित

सवैको कर्तव्य हुनेछ ।

**६१. <u>दण्ड सजायः</u>**

(१) कसैले विद्यालयको सम्पत्ति हिनामिना वा नोक्सान गरेमा त्यस्तो व्यक्तिलाई मुद्दा हेर्ने अधिकारीले बिगो असुल गरी बिगोबमोजिम जरिवाना गर्न सक्नेछ ।

(२) कसैले देहायका कार्य गरेमा, गर्न लगाएमा वा सो कार्य गर्न सहयोग पुर्याएमा त्यस्तो व्यक्तिलाई कसुरको मात्रा हेरी कानूनले तोकेबमोजिम सजाय हुनेछ ।

(क) प्रश्नपत्रको गोपनीयता भङ्ग गरेमा,

(ख) उत्तरपुस्तिका परीक्षण गर्दा लापरवाही वा गैर जिम्मेवारपूर्ण कार्य गरेमा,

(ग) परीक्षा केन्द्रमा सम्बन्धित पदाधिकारीको स्वीकृति बिना प्रवेश गर्न प्रयत्न गरेमा वा प्रवेश गरेमा वा परीक्षा केन्द्र नियन्त्रणमा लिई अमर्यादित कार्य गरेमा,

(घ) परीक्षाफल प्रकाशनमा अनियमितता गरेमा,

(ङ) अरुको तर्फबाट परीक्षा दिएमा,

(च) विद्यार्थी भर्ना गर्दा अनुचित दान, उपहार वा कुनै रकम लिएमा,

(छ) अनुमति नलिई कुनै शैक्षिक कार्यक्रम, शैक्षिक परामर्श, बृजकोर्ष, कोचिङ्ग कक्षा, ट्यूसन सेन्टर, भाषा शिक्षण कक्षा तथा पूर्व तयारी कक्षा सञ्चालन गरेमा,

(ज) परीक्षाको मर्यादा भङ्ग हुने अन्य कुनै कार्य गरेमा,

(झ) कानून विपरितका अन्य कार्य गरेमा ।

(३) कानून बमोजिमको कसुरको सम्वन्धमा विद्यालयको कुनै शिक्षक वा कर्मचारी उपर मुद्दा हेर्ने अधिकारी वा अदालतमा मुद्दा दायर भएमा त्यस्तो शिक्षक वा कर्मचारी त्यसरी मुद्दा दायर भएको मितिदेखि मुद्दाको अन्तिम फैसला नभएसम्म निलम्बित हुनेछन् ।

(४) उपदफा (३) बमोजिम निलम्बित शिक्षक वा कर्मचारी अदालतले कसुरदार ठहराएमा निजलाई तोकिएको सहित यस ऐन बमोजिम विभागीय सजाय गरिनेछ ।

(५) उपदफा (१) र उपदफा (२) मा लेखिए देखि बाहेक कसैले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम उल्लघंन गरेमा तोकिएको अधिकारीले देहाय बमोजिम सजाय गर्नसक्नेछ ।

(क) विद्यालयका शिक्षक वा कर्मचारीलाई विभागीय सजाय गर्ने,

(ख) विद्यार्थीलाई विद्यालय वा छात्रावास वा परीक्षाबाट निष्काशन गर्ने,

(ग) कसूरको मात्रा हेरी एकहजार रूपैयाँ देखि एकलाख रूपैयाँसम्म जरिवाना गर्ने,

(घ) विद्यालयलाई गाउँपालिकाको सहायता घटाउने, रोक्ने वा बन्द गर्ने,

(ङ) विद्यालयलाई प्रदान गरिएको अनुमति वा स्वीकृति रद्द गर्ने,

**६२. <u>पुनरावेदनः</u>**

तोकिएको अधिकारीले गरेको सजायको आदेश उपर कानून बमोजिम पुनरावेदन लाग्नेछ ।

**६३. <u>अदालतको आदेशबाट पुनः बहाली हुन सक्ने</u>ः**

(१) दफा ५६ मा उल्लेख भएका कुनै आरोप वा अन्य आरोपमा सजाय भै नोकरीबाट हटाइएको वा बर्खास्त भएको शिक्षक, कर्मचारी अदालतको आदेश वा फैसला बमोजिम मात्र नोकरीमा पुनः बहाली हुन सक्नेछ।

(२) उपदफा (१) बमोजिम पुनः बहाली भएको शिक्षक वा कर्मचारीले नोकरीबाट हटेको दिनदेखि बहाली भएको मितिसम्मको पुरा तलब, भत्ता र तलब बृद्धि पाउने भए सो समेत पाउनेछ ।

## परिच्छेद –८

## विविध

**६४. <u>विद्यालयलाई शान्ति क्षेत्रको रुपमा कायम गर्नु पर्ने</u>ः**

(१) विद्यालयमा स्वतन्त्र र भयरहित रुपमा अध्ययन , अध्यापन गर्ने वातावरण सिर्जना गर्न तथा विद्यालयभित्र कुनै पनि किसिमको अवाञ्छित क्रियाकलाप हुन नदिने गरी विद्यालयलाई शान्तिक्षेत्र कायम गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम सुरक्षित क्षेत्र कायम गर्दा विद्यालयले पालना गर्नु पर्ने सर्त तथा मापदण्ड तोकिए बमोजिम हुनेछन् ।

**६५. <u>आचारसंहिता सम्बन्धि व्यवस्था</u>ः**

(१) गाउँ शिक्षा समितिले आफ्नो गाउँपालिका भित्र लागु हुने गरी विद्यार्थी, शिक्षक र अभिभावकको लागि छुटा छुटै देहाय बमोजिम आचार साहिता लागु गर्न सकनेछ।

क) **<u>शिक्षक आचार संहिता</u>**

१) नियमित रुपमा ९:४५ बजे विद्यालय आउने ।

२) प्र.अ. पालिकाको अनुमति विना तथा शिक्षक प्र.अ. को अनुमति बिना विदा बस्न पाईने छैन।

३) विद्यालय हाता भित्र धुम्रपान, मधिरा सेवनलाई प्रतिवन्ध गरिएको छ ।

४) कक्षा कोठामा मोवाइल फोन प्रयोग गर्न प्रतिवन्ध गरिएको छ ।

५) विद्यालय आउदा नियमति पोशाक लगाउनु पर्ने छ ।

६) विद्यालयका वालवालिकाहरु संग बालमैत्री व्यवहार गर्न पर्ने छ ।

७) विद्यार्थी अतिरिक्त क्रियाकलापहरुमा सहभागी हुन प्रोत्साहन गर्न पर्ने छ ।

८) गृह कार्य दिने, आवश्यकताको आधारमा कोचिङ्ग संचालन गर्ने र विद्या र्थीको निष्पक्ष मूल्याङ्कन गर्ने कुरामा प्रतिवद्ध रहनेछ।

९) प्रा.वि तहामा अनिवार्य पाठ्यक्रम र शैक्षिक सामाग्री प्रयोग गरि अध्यापपन गराउनेछ ।

१०) वालवालिकाहरुको समुह गठन तथा वाल कल्वका क्रियाकलापमा आवश्यक सहयोग गर्ने छ ।

११) आज्ञाकारिता, अनुशासीत, सदभाव, सहयोग, सदाचार, धैर्य र सच्च चरित्रलाई प्रोत्साहन गर्नुका साथै आफ्नो पेशालाई मुख्य सम्झी पेशागत वफादार भई काम गर्ने पर्ने छ ।

१२) परीक्षाफल प्रकाशित गर्ने समयमा लब्धाङ्ग पत्र तयार गरी परिक्षाफल अभिभावकको जिम्मा लगाउनु पर्ने छ ।

१३) प्रत्येक विद्यार्थीको अनिवार्य रुपमा प्रोफाईल तयार गर्नुपर्ने छ।

ख) **<u>विद्यार्थी आचार संहिता</u>**

१) नियमति रुपमा ९:४५ बजे विद्यालय आउने ।

२) नियमित विद्यालय आउदा पोशाक लगाउनु पर्ने छ ।

३) विद्यालय हाता भित्र विद्यार्थीले मोबाइल वोक्न पाउने छैन ।

४) शिक्षक/शिक्षीकाको आज्ञा पालन र आदर गर्न पर्ने छ ।

५) विद्यालय तथा अन्त जहाँ पनि अनुशासनमा रहन पर्ने छ ।

६) गृहकार्य तथा अध्ययन लाई मुख्य कार्य सम्झन पर्ने छ ।

७) अज्ञाकारीता, अनुशासित , सदभाव, सहयोग, सदाचार, धैर्य, सच्चा सिकाई मुलमन्त्र मानि व्यवहार गर्न पर्ने छ ।

८) विद्यालयले आयोजना गरेको कार्यक्रम, अतिरिक्त क्रियाकलाप सक्रिय भई सहभागितामा जनाउन पर्ने छ ।

९) राष्ट्रियता भाषा र संस्कृतिको उत्थानको लागि सधै प्रयासरत रहन पर्ने छ ।

१०) वि.व्य.स ले तोकिएका अन्य निति नियमको पालन गर्नु पर्ने छ ।

**ग) <u>अभिभावक आचारसंहिता</u>**

१) विद्यार्थीलाई सरसफाई गराई शैक्षिक सामाग्री भए नभएको एकिन गरी नभए व्यवस्थापन गरी समय मै नियमित विद्यालय पठाउन पर्ने छ ।

२) विद्यार्थीको प्रगति विवरण बुझन मासिक रुपमा विद्यालयमा उपस्थित हुने ।

३) विद्यालयको आर्थिक, भौतिक र शैक्षिक पक्षको बारे जानकारी राख्न पर्ने ।

४) विद्यार्थी, शिक्षक/शिक्षिका विद्यालयको विषयमा कुनै गुनासो भए विद्यालय प्रशासन समक्ष प्रस्ताव राख्ने।

५) विद्यालय आउदा विद्यालय हाता भित्र धुम्रपान र मध्यपान गर्ने छैन ।

६) विद्यालय हाता भित्र सरसफाई तथा गौचरन गराउन पाईने छैन ।

७) आफ्नो वालवालिकाको गृहकार्य भए नभए जाच गरी गृहकार्य गर्न प्रोत्सान गर्ने ।

(२) उपदफा (१) बमोजिम आचार संहिता पालना नगरेमा देहाय बमोजिम बमोजिम कार्यवाही हुनेछ।

क) उपदफा(१) को बुदा नं. क) १ बमोजिमको आचार संहिता उलंघन्न गरेमा प्रत्येक चोटी गयल कट्टी गर्नु पर्ने छ र सोको जानकारी गाउँपालिकालाई गराउनु पर्नेछ।

ख) उपदफा(१) को बुदा नं. क) २ बमोजिमको आचार संहिता उलंघन्न गरेमा प्रचलित कानून बमोजिम को कारहारी गरिनेछ।

ग) उपदफा(१) को बुदा नं. क) ३ र ग) ५ बमोजिमको आचार संहिता उलंघन्न गरेमा रु. ५०० जरिवाना गरिनेछ र सोही कसुर फेरि फेरि गरेमा पहिला गरेको जरिवाना भन्दा दोब्बर जरिवाना गरिनेछ।

घ) उपदफा(१) को बुदा नं. क) ४ र ख) ३ बमोजिमको आचार संहिता उलंघन्न गरेमा रु. ५००/- जरिवाना लिई मोबाईल अभिभावकलाई फिर्ता गरिनेछ।

ङ) ) उपदफा(१) को बुदा नं. क) ५ र ख) २ बमोजिमको आचार संहिता उलंघन्न गरेमा विद्यालयमा प्रवेश निषेध गरिनेछ।

च) उपदफा(१) को बुदा नं. क) ६, ७, ८, ९, १०, ११ र १२ बमोजिमको आचार संहिता उलंघन्न गरेमा लिखित रुपमा नसिहत दिईनेछ र ३ पटक भन्दा नसिहत पाएकालाई तोकिए बमोजिम विभागिय कारवाही गरिनेछ।

छ) उपदफा(१) को बुदा नं. ख) ४, ५, ६, ७, ८, ९ र १० बमोजिमको आचार संहिता उलंघन्न गरेमा विद्यार्थीको अभिभावकलाई जानकारी गराईनेछ र ३ भन्दा बढी पटक एउटै आचार संहिता उलंघन गरेमा बिद्यालयबाट निस्कासन सम्म समेत गर्न सकिनेछ।

ज) उपदफा(१) को बुदा नं. ग) बमोजिमको आचार संहिता उलंघन्न गरेमा अभिभावकलाई लिखित जानकारी गराईनेछ र ३ भन्दा बढी पटक एउटै आचार संहिता उलंघन गरेमा निजलाई लिखित प्रतिवद्धता गराउनु पर्नेछ।

(३) उपदफा (१) बमोजिम आचार संहिता पालना गर्न प्रचार प्रसार गर्नु पर्ने तथा प्रत्येक विद्यालयमा टास्नुपर्ने पर्नेछ।

**६६. <u>बालबालिकाहरूलाई निष्कासन गर्नशारीरिक वा मानसिक दुव्र्यवहार गर्न नहुने</u>ः**

(१) कुनै पनि बालबालिकालाई विद्यालयबाट निष्कासन गर्न पाइनेछैन। तर बालबिज्याई गरेको अवस्थामा आवश्यक कारवाहीका लागि सिफारिस गरी पठाउन बाधा पुगेको मनिने छैन ।

(२) विद्यालयमा अध्ययनरत बालबालिकालाई शारीरिक वा मानसिक यातना दिन वा दुव्र्यवहार गर्न पाइने छैन।

**६७. <u>प्रगति विवरण बुझाउनु पर्ने</u>ः**

(१) सामुदायिक विद्यालयले चौमाशिक र संस्थागत विद्यालयले प्रत्येक वर्ष तोकिए बमोजिमका विवरण सहितको प्रगति विवरण गाउँपालिकामा बुझाउनु पर्नेछ ।

(२) विद्यालय, शैक्षिक संस्था र यस ऐन बमोजिम सञ्चालित संस्था तथा निकायले उपदफा (१) बाहेक गाउँपालिका एवं सम्बद्ध निकायले माग गरे बमोजिमको प्रतिवेदन पेश गर्नु पर्नेछ ।

**६८. विपत वा राष्ट्रिय संकटमा विद्यालयको भैतिक सम्पतिको प्रयोगः**

विपत वा राष्ट्रिय संकटको घडिमा  गाउँ कार्यपालिकाले निर्णयले साविक  संरचनामा कुनै क्षति नहुने कुराको सुनिश्चितता गरी, गराइ सस्थागत र सामुदायिक दुवै किसिमका विधालयका भैतिक संरचनाहरु निशूल्क रुपमा प्रयोग गर्न सक्नेछ ।

**६९. नियम बनाउने अधिकारः**

(१) यस ऐनको उद्देश्य कार्यान्वयन गर्न गाउँ कार्यपालिकाले आवश्यक व्यवस्थाहरु सहित शिक्षा नियमावली , कार्यविधि, निर्देशिका बनाई लागु गर्न सक्नेछ ।

(२) गाउँ कार्यापालिकाले समग्र शिक्षा क्षेत्रको व्यवस्थापन वा कुनै विशेष विषयलाई लिएर विशेष निर्देशन जारी गर्न सक्नेछ ।

**७०. संक्रमणकालीन व्यवस्थाः**

(१) यस ऐनले तोकिए बमोजिम हुने भनी व्यवस्था गरेको काम नियमावली, कार्यविधि नआएसम्म वा नतोकिए सम्म गाउँपालिका कार्यपालिकाले निर्णय गरे वमोजिम हुनेछ ।

(२) यो ऐन जारी भएपछि विद्यालयमा रिक्त रहेका दरबन्दीमा करार नियूक्तिको लागि गाउँपालिकाले विज्ञापन गरी तोकिए बमोजिम पदपुर्ति गर्न सक्नेछ।

**७१. बाधा अडकाउ फुकाउने अधिकारः**

(१) यस ऐनको उद्देश्य कार्यान्वयन गर्न कुनै बाधा अड्काउ परेमा कार्यपालिकाले त्यस्तो बाधा अड्काउ हटाउन आदेश जारी गर्न सक्नेछ। उक्त आदेश त्यस पछी हुने  गाउँ सभाले पारित गरेको हद सम्म कायम हुनेछ ।

(२) गाउँ सभामा अनुमोदनका लागि पेश गरिएकोमा अन्यथा भएमा लागु भएको हद सम्म मात्र कायम रहेको मानिनेछ ।

**७२. बचाउ र लागु हुनेः**

(१) यो ऐन वा यस ऐन अन्तर्गत बनेका नियमावली कार्यविधिमा लेखिएजति कुरामा सोही बमोजिम र अन्यथा प्रचलित कानून बमोजिम हुनेछ ।

(२) यस ऐनमा लेखिएको कुनै पनि कुराले विद्यालयको सम्पत्ति हिनामिना गरेको कसुरमा वा अन्य भ्रष्टाचार जन्य काम कारवाहीमा भ्रष्टाचार निवारण ऐन अन्तर्गत कार्यवाही चलाउन बाधा पर्ने छैन ।

(३) यस अघि कानून बमोजिम नियुक्त शिक्षक कर्मचारीहरूलाई नेपाल सरकारले दिइदै आएको

सुविधामा कुनै किसिमको कटौती गरिने छैन। तर यो व्यवस्थाले कानून बमोजिम दण्ड, सजाय कार्यवाही गर्न बाधा पर्नेछैन ।

**७३. <u>संशोधन तथा खारेजी तथा बचाउ</u>ः**

(१) यस ऐनको संसोधन वा खारेजी कार्यपालिकाको प्रस्तावमा गाउँ सभाले गर्न सक्नेछ ।

(२) गाउँपालिका सभाले यस ऐनलाई संसोधन वा खारेजी गरेमा गाउँपालिकाको स्थानीय राजपत्रमा प्रकाशित भएको मिति बाट लागु हुनेछ ।

(३) यो ऐन प्रारम्भ हुनु अघि शिक्षा क्षेत्र सँग सम्बन्धित भएका निर्णयहरु यसै ऐन बमोजिम भएको मानिनेछ।

**आज्ञाले,**

नामः- सन्देश कुमार यादव

पदः- प्रमुख प्रशासकीय अधिकृत